# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट स्वीकृत लिई नियमित रुपमा अनुदान प्राप्त विद्यालयलाई बुझिन्छ । जसलाई साधारणतया सरकारी विद्यालयको नामले चिन्दछौं । सामुदायिक विद्यालयमा सम्पूर्ण सेवा सुविधा नेपाल सरकारले प्रदान गर्दछ । त्यस्तै नेपाल सरकारबाट स्वीकृत/अनुमति लिई तर कुनै पनि किसिमको अनुदान नपाउने गरी सञ्चालित भएको विद्यालयलाई संस्थागत विद्यालय भनि चिन्दछौ । नेपाल सरकारले संस्थागत विद्यालय संचालन गर्नका लागि अनुदान नदिएको कारण विद्यालय संञ्चालनका लागि धेरै वा एक व्यक्तिको सहयोगबाट विद्यालयले आवश्यक रकम प्राप्त गर्दछ । सामुदायिक र संस्थागत विद्यालयहरुमा अध्ययन गर्न आउने सम्पूर्ण विद्यार्थीहरुलाई शिक्षा प्रदान गर्ने उद्देश्यले सञ्चालित गरिएको हुन्छ । (शिक्षा ऐन, २०२८) ।

सामुदायिक र संस्थागत विद्यालयहरुमा पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अवस्थालाई अध्ययन गर्दा पाठ्यक्रमको अर्थ, परिभाषा र कार्यान्वयन भनेको के हो ?यस बारेमा बुझ्न आवश्यक छ । परमपरागत धारणा अनुसार पाठ्यक्रमलाई विद्यालयको कक्षाकोठा भित्र सिक्ने विषयमा सीमित गरिएको पाइएता पनि आधुनिक धारणा भने जिवनव्यापी अनुभवहरुमा परिस्कृत गरिएको पाइन्छ । आधुनिक धारणा अनुसार विद्यालयभित्र र बाहिर जे जति शैक्षिक क्रियाकलापहरु विद्यार्थीका चौतर्फि विकासका लागि संचालन गरिन्छ । त्यो सम्पूर्ण क्रियाकलापलाई पाठ्यक्रम भनिन्छ । यसमा विद्यार्थी र समाजका इच्छा, आकांक्षा र आवश्यकताहरु समावेश भएका हुन्छन् । यसभित्र शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, कक्षागत उद्देश्य, विषयगत उद्देश्य, विशिष्ट र साधारण उद्देश्य प्राप्तिका लागि विषयवस्तुहरु, शिक्षण विधिहरु, क्रियाकलापहरु, सामाजिक पाठ्यक्रममका प्रभावकारिता जाँचनका लागि मूल्याङ्कन समेत निर्धारण गरिएको हुन्छ । (Singh, 2061 B.S., p. 3) पाठ्यक्रमलाई परिभाषित गर्ने क्रममा विभिन्न विद्वान्हरुल फरक फरक दृष्टिकोणले अर्थ्याएको पाइन्छ । जसमध्य पाठ्यक्रम कार्यान्वयन सँग सम्बन्धित परिभाषाहरुलाई निम्नानुसार तल वर्णन गरिएको छ ।

"शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाएको शैक्षिक कार्यक्रमलाई पाठ्.यक्रम भनिन्छ ।" (रा.शि.प. को योजना २०२८) "शैक्षिक उद्देश्य पाप्त गर्न विद्यालयद्वारा योजना र निर्देशन गरिने विद्यार्थीका सम्पूर्ण सिकाईलाई पाठयक्रम भनिन्छ ।" (Tyler, 1949) "विशिष्ट शैक्षिक उद्देश्य प्राप्तिका लागि तयार

गरिएको शिक्षक र विद्यार्थीहरुबीचको अन्तरक्रिया नै पाठयक्रम हो ।" UNICEF (2000) विषयगत साहित्यको समीक्षा गर्ने क्रममा पाठ्यक्रम कार्यान्वयन सँग सम्बन्धित परिभाषाहरु निम्नानुसार तल वर्णन गरिएको छ । "कार्यान्वयन एउटा बिन्दु हो जसमा कक्षाकोठामा परिवर्तनको वास्तविक महसुस गरिन्छ" Pratt (1980) "प्राविधिक रुपमा तयार गरिएको पाठ्यक्रम (दस्तावेज) लाई कक्षाकोठाको वातावरणमा प्रयोगमा ल्याउने प्रबन्ध मिलाउनु नै पाठ्यक्रम कार्यान्वयन हो ।" Sowell (1996)

वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुको साथै विद्यालय तहको हरेक कक्षाको लागि पाठ्यक्रम योजना तथा निर्माण गर्न नेपालमा पहिलो पटक शिक्षा मन्त्रालय अन्तर्गत एउटा छुट्टै निकाय 'पाठ्यक्रम विकास केन्द्र' स्थापना गरिएको थियो । देशभर चलिरहेका विद्यालयहरुमा दिइने शिक्षामा एकरुपता ल्याउन विद्यालय तहका लागि कक्षागत तथा विषयगत पाठ्यक्रमको पूर्ण खाका तयार गरी प्रकाशन गरियो .सेरिड, १९८५) । त्यसैगरी २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारुपको निर्माण गरिएको थियो । नेपालको शिक्षाको वर्तमान संरचना अनुसार विद्यालय तहलाई २ तहमा (आधारभूत तह र माध्यमिक तह) मा छुटाइएको छ । तहगत उमेर समूह अनुसार ५ वर्ष पूरा भई १३ वर्ष सम्मका बालबालिकाहरुको उमेर समूह आधारभूत उमेर समूह हुनेछ भनी तोकिएको छ । आधारभूत शिक्षाको मुख्य उद्देश्य विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तरनिहित प्रतिभाको विकास गर्नु हो । आधारभूत तहलाई निम्नानुसार तीन चरण हुने गरी प्रस्तुत गरिएको छ ।

१. प्रथम चरण अन्तर्गत कक्षा १, २ र ३

२. दोस्रो चरण अन्तर्गत कक्षा ४ र ५

३. तेस्रो चरण अन्तर्गत कक्षा ६, ७ र ८

पहिलो चरण अन्तर्गत (कक्षा १, २ र ३) तहको उद्देश्य बालबालिकालाई औपचारिक शिक्षासँग परिचित गराउने र आधारभूत साक्षरता, हिसाब सम्बन्धी ज्ञान तथा जीवन उपयोग सिपहरु साथै स्वस्थ बानीको विकास गर्ने अवसर प्रदान गर्नु हो । यी उद्देश्यहरु पूरा गराउनका लागि यस तहको पाठ्यक्रम विद्यार्थीहरुलाई बोझिलो नहुने गरी एकिकृत रुपमा क्रियाकलाप मुखी पाठ्यक्रम विकास गरिनेछ । यस तहमा बालबालिकाहरुलाई आफ्नो मातृभाषामा सिक्ने अवसर स्थानीय परिवेशमा व्यवस्था गरिनेछ । (प्रारुप, २०६३)

शिक्षा सम्बन्धी उच्चस्तरीय कार्यसमिति प्रतिवेदन २०५८, प्राथमिक शिक्षा पाठ्यक्रमको प्रभावकारिता अध्ययन प्रतिवेदन २०५९ सरोकारवालाहरुका राष्ट्रिय तथा क्षेत्रीय गोष्ठी कार्यशाला परिक्षणबाट प्राप्त सुझाव आदिबाट प्राथमिक शिक्षा पाठ्यक्रममा स्थानीय विषयवस्तु र सूचना तथा संचार प्रविधि जस्ता विषयवस्तु समावेश गरिनुपर्ने र व्यवहारिक शिक्षामा जोड दिनुपर्ने आदि सुझाव र सिफारिस प्राप्त भए अनुसार उक्त सुझाव एवम् सिफारिस समेतलाई ध्यानमा राखी प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ लाई आवश्यक परिमार्जन गरी परीक्षणका रुपमा लागू गर्न प्राथमिक शिक्षा पाठ्यक्रम २०६० (परीक्षण) तयार गरी २०६१ मा कक्षा १ मा २०६२ मा कक्षा २ मा २०६३ मा कक्षा ३ मा, २०६४ मा कक्षा ४ मा, २०६५ मा कक्षा ५ मा कार्यान्वयन गर्न २०६० सालमा स्वीकृत प्राप्त भएको हो । परीक्षण योजना अनुसार परीक्षणबाट प्राप्त पृष्ठपोषण समेत समावेश गरी अन्तिम रुप दिइएको प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (कक्षा १-३) वि.सं. २०६२ मा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्मा पेश भएकोमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्मा पेश भएकोमा राष्ट्रिय पाठ्यक्रम प्रारुप र विद्यालय स्तरीय पाठ्यक्रम सुधार सुझाव समितिको सुझावलाई समावेश गर्ने शैक्षिक सत्र २०६३ देखि देशभर कक्षा १ मा कार्यान्वयन गर्न स्वीकृत प्राप्त भएको थियो । (प्राथमिक शिक्षा पाठ्यक्रम, २०६५)

नेपालमा अहिले सञ्चालित प्राथमिक तह अन्तर्गत कक्षा १ को पाठ्यक्रमको विषयगत संरचना यस प्रकार रहेको छ ।

**तालिका नं. १.१**

**प्राथमिक तह अन्तर्गत कक्षा १ को पाठ्यक्रमको विषयगत संरचना**

| क्र.सं. | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | पाठ्यभार |
|---|---|---|---|---|
| १ | नेपाली | १०० | ३२ | ८ |
| २ | अंग्रेजी | १०० | ३२ | ५ |
| ३ | गणित | १०० | ३२ | ६ |
| ४ | सिर्जनात्मक कला तथा सामाजिक शिक्षा | १०० | ३२ | ६ |
| ५ | विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा | १०० | ३२ | ५ |
| ६ | स्थानीय | १०० | ३२ | ४ |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | ६०० | १९२ | ३४ |

(स्रोतः नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर)

पाठ्यक्रम कार्यान्वयन शैक्षिक प्रणालीको महत्वपूर्ण कार्य हो । पाठ्यक्रम कार्यान्वयन गर्न विभिन्न तयारीहरु गर्नुपर्दछ जस्तै दस्तावेजहरु बनाउनु, योजनाहरु बनाउनु, पूर्वाधारहरुको व्यवस्थापन गर्नु र शिक्षकहरुको व्यवस्थापन गर्नुपर्दछ । पाठ्यक्रम कार्यान्वयन अन्तर्गत विद्यालय सञ्चालन प्रक्रिया पर्दछ जसमा विद्यार्थीहरु संलग्न गराइन्छ । ती क्रियाकलापहरु मध्य कक्षा क्रियाकलाप, अतिरिक्त क्रियाकलाप र विद्यार्थी मूल्याङ्कनसँग सम्बन्धित क्रियाकलापहरु महत्वपूर्ण हुन्छन् । यी सबै पक्षको अध्ययन गर्न नै पाठ्यक्रम कार्यान्वयनको अध्ययन हो ।

## १.२ समस्याको कथन

समस्याको कथनमा पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी रुपमा सञ्चालनमा अवरोध गर्ने विविध पक्षहरु पर्दछन् । यी समस्याका पक्षहरु कार्यक्रमसँग सम्बन्धित विभिन्न हुन सक्दछन् । संस्थागत र सामुदायिक विद्यालयमा योजना गरिएको पाठ्यक्रम संरचना योजनामा मात्र सीमित छ वा कार्यान्वयन पनि भइरहेको छ भनी यसका अवस्थाको बारेमा अध्ययन गरिनेछ । नीति नियममा जस्ता सुकै निर्देशिका तयार पारे पनि खास गरी कार्यान्वयन पक्ष राम्रो भएन भने हामीले चाहेको उपलब्धि जति सुकै लगानी गरे पनि प्राप्त गर्न सकिन्न । समय परिवर्तनशील छ । त्यस अनुसार विद्यालयको पाठ्यक्रम परिवर्तन भइरहन्छ ।

हाम्रो देश नेपालको वर्तमान शैक्षिक प्रणाली र गतिविधिलाई स्मरण गर्दा समय समयमा पाठ्यक्रम बदलिनु तर समयमै सबै स्थानका विद्यालयहरुमा पाठ्यपुस्तकहरु नपुग्नु विभिन्न कारणले शिक्षण सामाग्री नपाउनु, पाठ्यक्रम कार्यान्वयन मूल्याङ्कन, पृष्ठपोषण जस्ता महत्वपूर्ण कार्यहरुमा शिक्षकले समयमै सुझावहरु नपाउनु, विद्यालयमा योग्य र तालिम प्राप्त शिक्षकको कमी हुँदा समयमै विषयवस्तु बारे विद्यार्थीहरुले आवश्यक ज्ञान नपाउनु जस्ता शैक्षिक समस्याका कारण गुणस्तरीय शिक्षामा धक्का लागेको पाइन्छ । यस्तो अवस्थामा विद्यालयमा विद्यालयले पाठ्यक्रमको कार्यान्वयन कसरी गरेको छ ? विद्यार्थीहरुले लागू भइसकेको पाठ्यक्रम प्रति कस्तो अपेक्षा राख्दछन् ? पाठ्यक्रमको उद्देश्य अनुसार पाठ्य कार्यान्वयन भएको पाइन्छ त ? संस्थागत विद्यालयमा शिक्षकका व्यक्तिगत देखि पेशागत समस्याहरु विद्यमान हुँदाहुँदै पनि किन सामुदायिक विद्यालयको भन्दा शैक्षिक उपलब्धि राम्रो छ ? किन सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि खस्कँदो छ ? यसरी शैक्षिक क्षती हुनुमा कारक तत्व के रहेको छ त ? यसमा विद्यालयको पाठ्यक्रमको कार्यान्वयनको

अवस्थाले कस्तो प्रभाव पारेको छ त ? शिक्षणमा लगनी बढ्दो भएता पनि किन उपलब्धि खस्कँदो छ ? यी प्रश्नहरुको जिज्ञासालाई मेटाउन संस्थागत र सामुदायिक विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन गर्न मैले यस अध्ययनको शिर्षक "कक्षा १ को संस्थागत र सामुदायिक विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको तुलना" छनोट गरेको छु । कक्षा १ को पाठ्यक्रमभ कार्यान्वयनको अवस्था सम्बन्धी विविध पक्षहरुको अध्ययन गर्नु यस अध्ययनको मुख्य केन्द्रबिन्दु रहेको छ ।

पाठ्यक्रम कार्यान्वयनका लागि गरिने आवश्यक तयारी अन्तर्गत योजनाहरु दस्तावेजहरु पूर्वाधारहरु र शिक्षक विद्यार्थी व्यवस्थापनको अवस्था तुलना गर्न कक्षा क्रियाकलाप अतिरिक्त क्रियाकलाप र विद्यार्थी मूल्याङ्कन क्रियाकलापहरुको अवस्था तुलना गर्नका लागि निम्नलिखित प्रश्नहरुको जवाफ खोजी अध्ययनका उद्देश्य पूरा गर्नका लागि निम्न अनुसन्धानात्मक प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

(क) सामुदायिक र संस्थागत विद्यालयमा कक्षा १ मा विषयहरु र पाठ्यपुस्तकहरु के के छन् ?

(ख) सामुदायिक र संस्थागत विद्यालयमा कक्षा १ मा शैक्षिक क्यालेन्डर र रुटिङ्गको व्यवस्था कस्तो छ ?

(ग) सामुदायिक र संस्थागत विद्यालयमा कक्षा १ मा भौतिक पूर्वाधारको व्यवस्था कस्तो छ ?

(घ) सामुदायिक र संस्थागत विद्यालयमा कक्षा १ मा सामुदायिक र संस्थागत विद्यालयमा कक्षा १ मा शिक्षकको व्यवस्थापन कसरी गरिएको छ ?

(ङ) सामुदायिक र संस्थागत विद्यालयमा कक्षा १ मा सामुदायिक र संस्थागत विद्यालयमा कक्षा १ मा विद्यार्थी व्यवस्थापन कसरी गरिएको छ ?

(च) सामुदायिक र संस्थागत विद्यालयमा कक्षा १ मा कक्षाकोठा क्रियाकलाप विधि, सामाग्री कसरी सञ्चालन भएका छन् ?

(छ) सामुदायिक र संस्थागत विद्यालयमा कक्षा १ मा अतिरिक्त क्रियाकलापहरु के के सञ्चालन भएका छन् ?

(ज) सामुदायिक र संस्थागत विद्यालयमा कक्षा १ मा परीक्षा प्रणाली कस्तो छ ?

(झ) सामुदायिक र संस्थागत विद्यालयमा कक्षा १ मा मूल्याङ्कन प्रणाली कस्तो छ ?

## १.३ अध्ययनका औचित्य

आजको प्रतिस्पर्धात्मक बदलिँदो, वैज्ञानिक, व्यवहारिक र जिवनउपयोगी सिपमूलक परिस्थितिमा राष्ट्रको शैक्षिक व्यवस्था पनि त्यही अनुरुप हुनु आवश्यक छ । बदलिँदो परिस्थिति अनुसारको शिक्षाका राष्ट्रिय उद्देश्यहरु प्राप्ति गर्ने उद्देश्यका साथ निर्माण गरिएको विद्यालय तहको पाठ्यक्रम कार्यानवयनका लागि मुख्यतः दुई किसिमका शैक्षिक संस्थाहरु विद्यमान रहेका छन् । यी दुई किसिमका सामुदायिक र संस्थागत विद्यालयहरु जसले राष्ट्रिय रुपमा निर्माण गरिएको विद्यालय तहको शैक्षिक पाठ्यक्रमहरुलाई विद्यालयमा कार्यान्वयन गरिरहेका छन् र जसबाट राष्ट्रविकास गर्न सक्ने गुणस्तरीय नागरिक तयार पारिहेका छन् । सामुदायिक र संस्थागत विद्यालयमा कक्षा एकको पाठ्यक्रम कार्यान्वयन अवस्थाको तुलनात्मक अध्ययन गरिने यस अध्ययन अनुसन्धानको औचित्य निम्नप्रकार रहेको छ ।

(क) सामुदायिक र संस्थागत विद्यालयमा कक्षा १ को पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक विद्यमान व्यवस्था थाहा पाउन चाहने सम्बन्धित विषय शिक्षकहरु पाठ्यक्रमविद् र सम्पूर्ण सरोकारवाला व्यक्तिहरुका निमित्त सहयोगी सामागीको रुपमा ।

(ख) यस अध्ययनसँग सरोकार राख्ने व्यक्तिहरु र निकायहरुका लागि सामुदायिक र संस्थागत विद्यालयहरुमा रहेको शिक्षण सिकाइ क्रियाकलापको विद्यमान अवस्था, विद्यार्थीको उपलब्धिको अवस्था, शिक्षकहरुको पेशागत दक्षता पाठ्यक्रम कार्यान्वयनका समस्या र समाधानमा अपनाएका उपायहरु थाहा पाउन ।

(ग) सामुदायिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन गर्न चाहने अन्य शैक्षिक व्यक्तिहरु विद्यार्थी साथीहरु सरोकारवाला निकायहरु तथा अनुसन्धानकर्ताको लागि सम्बन्धित आधार साहित्यको रुपमा ।

(घ) अध्ययनमा समावेश विषयहरुसँग सम्बन्धित विशेषज्ञ तथा विषय शिक्षकहरु, पाठ्यक्रम कार्यान्वयनसँग सम्बन्धित सरोकारवालाहरु तथा सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक साथीहरु र शिक्षाप्रेमीहरुलाई सामुदायिक र संस्थागत विद्यालयको कक्षा १ को पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुका आधारमा पाठ्यक्रमको योजना गर्न, परिमार्जन गर्न, पाठ्यक्रम कार्यान्वयन पक्षलाई सुधार गर्न यस अध्ययनले सुझावको रुपमा भूमिका खेल्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

लक्ष्यमा पुग्ने प्रभावकारी माध्यम भनेको नै उद्देश्य हो । तसर्थ कुनै पनि अध्ययन तथा अनुसन्धानमा उद्देश्यको महत्वपूर्ण भूमिका हुन्छ । यस अध्ययनको प्रमुख उद्देश्य सामुदायिक र संस्थागत विद्यालयको कक्षा १ को पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन गर्नु भएमा पनि विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

(क) सामुदायिक र संस्थागत विद्यालयहरुमा पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने तयारीहरु (योजनाहरु, दस्तावेजहरु, पूर्वाधारहरु र शिक्षक विद्यार्थी व्यवस्थापन) को अवस्था तुलना गर्नु ।

(ख) सामुदायिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयन प्रक्रियाहरु (कक्षा क्रियाकलाप, अतिरिक्त क्रियाकलाप र विद्यार्थी मूल्याङ्कन क्रियाकलाप) हरुको अवस्था तुलना गर्नु ।

## १.५ अध्ययनको सीमाङ्कन

कुनै पनि विषयमा अध्ययन कार्य गर्दा निश्चित विषय क्षेत्र भित्र सिमाबद्ध भएर त्यसको अध्ययन गर्न आवश्यक हुन्छ । सीमित श्रोत साधन र समयको कारण यस अनुसन्धानलाई व्यापक रुपमा अध्ययन गर्न असमर्थ भएकाले निम्नानुसार सीमाबद्ध गरिएको छ । तसर्थ सामुदायिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अवस्था पहिचान गर्न गरिने यस अध्ययनलाई निम्न सिमा भित्र रहेर गरिनेछ ।

(क) यस अध्ययन सामुदायिक र संस्थागत विद्यालयमा कक्षा १ को सम्पूर्ण विषयको पाठ्यक्रम कार्यान्वयनसँग केन्द्रित रहेको छ ।

(ख) यस अध्ययनका लागि पर्वत जिल्ला थापाठाना गा.वि.स.मा रहेको श्री थापाठाना माध्यमिक विद्यालय (सामुदायिक) र ग्रिन पिस इङ्गलीस बोर्डिङ्ग स्कूल (संस्थागत) लाई अध्ययनको क्षेत्रमा सीमित गरिनेछ ।

## १.६ सम्बन्धित शब्दावलिको परिभाषा

**पाठ्यक्रम** : यस अध्ययनमा पाठ्यक्रम भन्नाले विद्यालयको समग्र वातावरणलाई जनाउँदछ, जुन वातावरणमा कक्षा १ का विद्यार्थीहरुले शैक्षिक अवसरहरु प्राप्त गर्दछन् र अन्तरक्रियाहरु
गर्दछन् ।

**सामुदायिक विद्यालय** : नेपाल सरकारद्वारा नियमित रुपमा अनुदान पाउने गरी स्वीकृत प्राप्त विद्यालयहरुलाई सामुदायिक विद्यालय भनिन्छ ।

**संस्थागत विद्यालय** : नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति पाएर कम्पनी ऐन अन्तर्गत दर्ता गरी सेवामुखी र नाफामुखी भावनाबाट खोलिएका विद्यालयहरुलाई संस्थागत विद्यालयहरु जनाउँछ ।

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन

यस अध्ययनलाई उद्देश्यमूलक व्यवहारिक र प्रभावकारी बनाउनका लागि सम्बन्धित साहित्यको पुनरावलोकन गरिएको छ । जसमा सैद्धान्तिक आधारहरु र अध्ययनहरु समावेश छन् । अन्त्यमा साहित्यको समीक्षाको आधारमा अध्ययनको अवधारणा निर्माण गरी प्रस्तुत गरिएको छ ।

### २.१ सैद्धान्तिक आधारहरु

यस अध्ययनलाई पारदर्शी र नयाँ ढंगबाट अगाडि बढाउनका लागि सैद्धान्तिक आधारहरुको समिक्षा गरिएको थियो । जसमा विशेष गरी शिक्षण विधि सम्बन्धी सिद्धान्त, विद्यालय व्यवस्थापन प्रणाली सम्बन्धी सिद्धान्तहरु र पाठ्यक्रमको परिभाषाहरुको समीक्षा गरिएको थियो । शिक्षण विधि सम्बन्धी विभिन्न वादहरुको समिक्षा गरिएको थियो, जसले सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा १ को पाठ्यक्रम कार्यान्वयनको तुलना अध्ययन गर्नका लागि आधार प्रदान गरिएको छ जुन निम्नानुसार रहेका छन् ।

### २.१.१ शिक्षण सिकाई प्रक्रिया अध्ययनका लागि आधारहरु

प्रगतिवाद (Progressivism): प्रसिद्ध प्रयोजनवादी शैक्षिक दार्शनिक जोडन डिवेका अनुसार शैक्षिक प्रक्रियाभित्र बालक अपरिपक्व र अविकसित प्राणी हो र उसलाई परिपक्व र अनुभवी युवकहरुले समाजमा सामाजिक लक्ष्य, मूल्य र मान्यताका आधारमा अघि बढिरहेका हुन्छन । यसैले यिनै तत्वको विचको अन्तरक्रिया नै शैक्षिक प्रक्रिया हो । यस वादले समस्या समाधान, अनुभव विधिमा जोड दिन्छ । समस्या समाधान विधिले विद्यार्थीको उद्देश्य, रुचि र उपयोगिताको आधारमा Learning by doing विधिमा केन्द्रित रहनुपर्दछ भन्ने कुरामा जोड दिन्छ (Sharma, 2067 B.S.)। प्रगतिवादीहरु विचारमा भन्दा कार्यव्यवहारमा विश्वास गर्दछन् । शिक्षण प्रक्रिया बालबालिकाको आवश्यकता रुचि एवं क्षमता अनुरुप हुनुपर्दछ र व्यवहारिक रुपमा सिक्नका लागि बालबालिकालाई प्रोत्साहन गर्नुपर्दछ भन्ने कुरा यस वादले गर्दछ । कक्षा १ को पाठ्यक्रम कार्यान्वयन शिक्षक केन्द्रित प्रविधिको छ वा क्रियाकलाप मुखी छ ? सो जान्नको लागि यस दर्शनको आधार लिएर यस अध्ययनलाई अगाडि बढाइने छ । साथै सामुदायिक र संस्थागत कुन विद्यालयले उक्त क्रियाकलाप विधिलाई कति मात्रमा लागू गरेको छ, यस किसिमको तुलतात्मक अध्ययनको लागि यो प्रगतिवादी दर्शन सहयोगी हुन सक्ने देखिन्छ ।

**अस्तित्ववाद (Existentialism):** अस्तित्ववादीहरु व्यक्तिवादीहरु हुन् । उनीहरु सिकारुहरुलाई नै पाठ्यक्रमको केन्द्रबिन्दु मान्दछन् । पाठ्यक्रमको केन्द्रबिन्दु सिकारु भएको हुँदा यो पाठ्यक्रमले सिकारुको व्यक्तित्व अथवा अस्थित्व र स्व को विकास गराउने खालको पाठ्यक्रममा जोड दिन्छ । मानवीय स्व को विकास अन्तर्गत विद्यार्थीहरुलाई आफ्नो र घरपरिवारको नाम लेख्ने, आत्मसम्मान गर्ने, बालक र अन्य व्यक्ति विचको सम्बन्ध पहिचान गर्ने जस्ता क्रियाकलापमा जोड दिन्छ । यस्ता क्रियाकलाप गर्नका लागि कला मानविकी इतिहास जस्ता विषयहरु समावेश गर्नुपर्ने कुरामा जोड दिन्छ । अस्तित्ववादीहरु सिकारुको बौद्धिक र संवेगात्मक पक्षको विकास गर्नका लागि वस्तुगत ज्ञानको सट्टा विषयगत ज्ञानमा जोड दिन्छन् । उनीहरुका अनुसार विषयगत ज्ञानले मानवीय 'स्व' को विकास हुँदैन ।

### २.१.२ विद्यालय व्यवस्थापन अध्यनका लागि आधारहरु

विद्यालय व्यवस्थापन प्रणालीले गर्दा कक्षा क्रियाकलापहरु प्रभावित हुने हुनाले विद्यालय व्यवस्थापनका सैद्धान्तिक मान्यताहरु तल उल्लेख गरिएको छ ।

राष्ट्रियकरणको सिद्धान्तः शैक्षिक राष्ट्रियकरण भन्नाले निजी स्वामित्वमा भएका शैक्षिक संघ संस्था, गुडी र विद्यालयहरुलाई राष्ट्रिय स्वामित्वमा लिनुपर्ने कुरालाई बुझिन्छ । हाल संस्थागत विद्यालयमा चर्को शुल्क लिने, विद्यालयले मनोमानी ढंगले शुल्क लिने शिक्षा ऐन नियमावली जस्ता कुराको पूर्ण रुपमा पालना नगर्ने, विद्यालयबाट पोशाकहरु वितरण नगर्ने, अनावश्यक नीति नियमहरु लाग्ने जस्ता कारणहरुलाई आधारमानी कतिपय सरोकारवाला व्यक्तिहरु, विशेषगरी अभिभावकहरुले सम्पूर्ण संस्थागत विद्यालयहरुलाई राष्ट्रियकरण गर्नुपर्ने आवाज बेलाबेलामा उठाइरहेका छन् । संस्थागत विद्यालयलाई राष्ट्रियकरण गर्दैमा गुणस्तरमा सुधार आउँछ त ? संस्थागत विद्यालयको मनोमानित हुन्छन् त ? यी यस्ता प्रश्नहरुले राष्ट्रियकरण निजीकरणको सिद्धान्तलाई चुनौती खडा गरिदिएको पाइन्छ । आजको जस्तो बदलिँदो समय र परिस्थितिलाई विश्लेषण गर्दा राष्ट्रिय प्रणालीमा विद्यालयहरुलाई व्यवस्थापन गर्नु अलि असान्दर्भिक हुने ठान्दछन् तसर्थ यस अध्ययनमा राष्ट्रियकरण प्रणाली अव्यवहारिक रहेको महशुस गर्दछ । निजी विद्यालयलाई राष्ट्रियकरण गरियो भने कक्षा १ को पढाईमा सुधार आउँछ या आउँदैन यो एउटा अध्ययनको विषय हो भन्न सकिन्छ ।

**निजिकरणको सिद्धान्तः** निजिकरण भन्नाले सरकारी स्वामित्वमा रहेका कुराहरुलाई व्यक्तिकरण गर्नु भन्ने बुझिन्छ । अर्थात् शैक्षिक निजीकरण भन्नाले सरकारी स्वामित्वमा रहेका सम्पूर्ण विद्यालय पार्टी पौवाहरु विश्वविद्यालयहरुलाई सरकारी स्वामित्वबाट हटाई व्यक्तिमा सुम्पन भन्ने बुझिन्छ । सरकारी विद्यालयहरु निजीकरण गर्दैमा समग्र शैक्षिक गुणस्तरमा सुधार आउँछ त ? यसै सिलसिलामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर दिनदिनै खस्कँदै गएको र सामुदायिक विद्यालयलाई व्यवस्थित गर्न नसकेको जस्ता कारणहरु प्रस्तुत गरी सम्पूर्ण सामुदायिक विद्यालयलाई निजीकरण गर्नुपर्ने कुराहरु यत्रतत्र फैलिएको पाइन्छ । तसर्थ सरकारी विद्यालयहरुको दिनदिनै खस्कँदो शैक्षिक स्थितिलाई

सुधार गर्नका निम्ति सरकारी स्वामित्वमा रहेका सबै विद्यालयहरु निजीकरण गर्नुपर्दछ भन्ने मानयता निजीकरण वादीहरुको रहेको छ । यसरी हेर्दा निजीकरण शैक्षिक व्यवस्थापन प्रणालीको शैक्षिक विकेन्द्रिकरण प्रणालीसँग निकटतम सम्बन्ध रहेको पाइन्छ । यस शैक्षिक निजीकरण व्यवस्था प्रणाली राष्ट्रियकरण व्यवस्था प्रणाली र केन्द्रिकरण व्यवस्था प्रणालीको तुलनामा पाठ्यक्रम कार्यान्वयनसँग बढी नजिकको सम्बन्ध रहेको पाइन्छ । यस अध्ययनको शिर्षक सामुदायिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनसँग सम्बन्धित रहेकाले निजीकरणको सिद्धान्त केही मात्रामा अध्ययनसँग सान्दर्भिक मानिन्छ । निजी विद्यालयहरु सञ्चालन गरेर के पढाईको गुणस्तर राम्रो भएको छ ? सामुदायिक विद्यालयहरुलाई निजीकरण गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउन सकिन्छ त ?

**विकेन्द्रीकरणको सिद्धान्तः** शैक्षिक विकेन्द्रिकरण भनेको शिक्षा सम्बन्धी अधिकार र जिम्मेवारी स्थानीय निकाय वा समुदायमा निक्षेपण गर्ने कार्य हो । केन्द्रीय स्तरबाट स्थानीय शैक्षिक आवश्यकता परिपूर्ति र समस्या समाधान गर्न कठिन हुने हुनाले स्थानीय निकाय एवं समुदायलाई शैक्षिक विकास कार्यक्रममा सहभागी गराई जिम्मेवारी बनाउने काम शैक्षिक विकेन्द्रिकरण हो । स्थानीय स्तरमा शैक्षिक कार्यक्रमहरुलाई सवल र सुदृढ बनाउन स्थानीय स्रोत र साधनको उच्चतम् उपयोग गर्न आवश्यक कानुनी एवं प्रशासनिक अधिकारको निक्षेपण गर्ने काम शैक्षिक विकेन्द्रिकरणको हो । शैक्षिक कार्यक्रम संचालन तथा व्यवस्थापनको क्रममा प्राथमिक सरोकारवालाहरुलाई शैक्षिक योजना, तर्जुमा, कार्यान्यिन र प्रतिफलको उपयोग सम्मका प्रक्रियामा लाभको भागीदार बनाउने कार्यमा शैक्षिक विकेन्द्रिकरणको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

विकेन्द्रिकरण भनेको स्वशासित अधिकारहरुको सृजना गर्न पाउनु हो । विकेन्द्रीकरण भनेको केन्द्रीय सरकारबाट अधिकार, जिम्मेवारी, निर्णय गर्ने अधिकार जनताका नजिक रहेका निकायमा हस्तान्तरण गर्ने प्रक्रियालाई विकेन्द्रिकरण भनिन्छ । वास्तवमा राज्यले गर्नुपर्ने सबै कार्यहरु केन्द्रीय तहबाट माग गर्न सम्भव र व्यवहारिक नहुने भएकाले स्थानीय तहका आवश्यकता र समस्याहरु स्थानीय स्तरबाट परिपूर्ति र समाधान गर्ने गराउने कार्यमा विकेन्द्रिकरणको महत्वपूर्ण भूमिका रहन्छ । अधिकारी (२०६७) ले उदृत गरे अनुसार, विकेन्द्रीकरण भन्नाले स्थानीय तहमा कार्यरत प्रशासन र वा स्थानीय सरकारलाई स्वतन्त्र रुपले निर्णय गर्न दिइने अधिकार हो, जसको व्यवस्था संविधान वा कानुनद्वारा नै मिलाइएको हुन्छ ।

**नेपालमा विकेन्द्रिकरणको प्रयासः** वि.सं. १९९० सालतिर औपचारिक रुपमा शिक्षण संस्था खुले पनि यो संस्था पूर्ण रुपमा नियन्त्रित र जनताको पहुँच बाहिर रहेको थियो । शिक्षा सम्बन्धी क्रियाकलापलाई व्यवस्थित तथा मर्यादित गर्न ल्याइएको नेपालको पहिलो शिक्षा कानुन १९९६ को इतिहासले शिक्षा विकासका लागि केही प्रावधान सहित स्कूल संचालक समितिको व्यवस्था गरेबाट स्थानीय स्तरका केही अधिकार प्रत्यायोजन गरेको पाइन्छ । उक्त इतिहासमा भनिएको छ “स्कूलको काम चलाउनलाई जिल्लामा भए

बढाहाकिम, सदरमा भए असिस्टेन्ट, डाइरेक्टर, मुख्यमास्टर र सबैभन्दा बढी चन्दादाता तिन जना भई स्कूलको सञ्चालक समिति छानी राख्नु ।" यसरी सानो तिनो रुपमा भए पनि केही हदसम्म शिक्षामा विकेन्द्रिकरणको प्रयास भएको पाइन्छ ।

नेपालमा २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि शैक्षिक विकेन्द्रिकरणको प्रयासहरु हुन थालेको पाइन्छ । नेपालमा शैक्षिक व्यवस्थापनको विकेन्द्रिकरणको सुरुवात राष्ट्रिय शिक्षा योजना आयोग २०११ लाई मान्न सकिन्छ । त्यसैगरी २०२८ सालमा नयाँ शिक्षा आयोग लागू भएपछि केन्द्रमा राष्ट्रिय शिक्षा समिति र जिल्लामा जिल्ला शिक्षा समिति गठन गरी सबै विद्यालयलाई सरकारीकरण गरियो । साथै शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०३८ का साथै राष्ट्रिय शिक्षा पद्धति योजना २०२८-२०३२ ले विद्यालयको व्यवस्थापनमा स्थानीय निकायको सहभागितालाई संकुचित बनाइदियो । यसबाट विकेन्द्रिकमरणको मर्म कमजोर हुनगयो । यसबाट विभिन्न समयाहरु सृजना भएकोले विकेन्द्रिकरण ऐन २०३९ का कुरा समेटी वि.सं. २०४२ सालमा शिक्षा नियमावली संशोधन गरी यस संशोधनमा स्थानीय निकायलाई शैक्षिक योजना बनाउने र कार्यान्वयनको जिम्मेवारी दिइयो । शिक्षा सम्बन्धी उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले शैक्षिक क्रियाकलापको निरीक्षण अनुगमन र मूल्याङ्कन तथा विद्यालयको संचालनका सम्पूर्ण जिम्मेवारी स्थानीय स्तरमा प्र.अ. एवं विद्यालय व्यवस्थापन समिति र स्थानीय निकायलाई जिम्मेवार बनाउनुपर्ने कुरामा जोड दिएको छ । उच्च स्तरीय कार्यसमितिको प्रतिवेदन २०५८ ले शिक्षा ऐनमा व्यापक परिवर्तन गरी विद्यालय शिक्षामा स्थानीय स्तरको सक्रियतामा अभिव्यक्ति गर्न खोजेकोमा उक्त : संशोधन अनुसार शिक्षा नियमावली २०५९ लागू भयो । यसले शिक्षा नियमावली २०४९ लाई खारेज गऱ्यौ । शिक्षा नियमावली २०४९ ले जिल्ला शिक्षा समितिका अतिरिक्त गाउँ शिक्षा समिति, शिक्षक, अभिभावक संघ आदिको थप व्यवस्था गर्नुका साथै विद्यालय व्यवस्थापन समितिलाई शक्तिशाली बनाएको छ । सबैका लागि शिक्षा (२००४-२००९) ले विद्यालयको आवश्यकतालाई राष्ट्रिय नीतिसँग र राष्ट्रिय संगठनहरुको ज्ञान र क्षमतालाई विद्यालयको आवश्यकतासँग मिलाउन विकेन्द्रिकृत योजना तर्जुमा र व्यवस्थापन प्रणालीको विकास गरिने कुरामा जोड जस्ता कुराहरुलाई शैक्षिक विकेन्द्रिकरणको क्षेत्रमा विद्यालय स्थापना गर्न पाउने प्रावधान ल्याइयो । शिक्षा ऐन सातौ संशोधनको आधार र विश्व बैंकको दवाव र सहयोगमा विद्यालयहरु समुदायमा हस्तान्तरण गर्ने अवधारणा ल्याइयो । शिक्षा ऐन सातौं संशोधनले सार्वजनिक विद्यालयको नाम सामुदायिक भनी नामाकरण गरियो । मैले गर्न लागेको यस अध्ययन पाठ्यक्रम कार्यान्यनको तुलनात्मक अध्ययनसँग सम्बन्धित भएकाले यो शैक्षिक विकेन्द्रिकरणको सिद्धान्तलाई आधारको रुपमा लिई यो अध्ययन गरिनेछ । सामुदायिक विदालयलाई कसरी सामुदायिकरण गऱ्यौ भने कक्षा क्रियाकलापमा सुधार आउाला त ? यो पनि अध्ययनको विषय बन्न सक्छ ।

## २.२ सम्बन्धित अध्ययनको समीक्षा

सैद्धान्तिक आधारहरको अध्ययन र समिक्षा गर्नुका साथै यस अध्ययनसँग सम्बन्धित पूर्व अध्ययनहरुको पनि अध्ययन समिक्षा गर्न आवश्यक देखिन्छ । यी अध्ययनहरुले पहिले भए गरेका अध्यनहरुका कमि, कमजोरीहरु थाहा पाउन, पहिलेका अध्ययनले नसमेटेका कुराहरु पहिचान गरेर यस अध्ययनलाई अगाडि बढाउन ठोस आधार प्रदान गरेको महशुस गरेको छु । अध्ययन गरिएका ती सम्बन्धित अध्ययनहरुको समीक्षात्मक प्रस्तुति यस प्रकार रहेको छ ।

CERID (1978) को वि.सं. २०२८ सालमा रा.शि.प. को योजना विभिन्न चरणमा देशभर लागू भइसकेपछि प्राथमिक तह (कक्षा १-३) का बालबालिकाहरुको पढाई लेखाई र अंक सम्बन्धी ज्ञानको उपलब्धिको स्तर कस्तो रह्यो भनी त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्रले देशका तत्कालीन चार विकास क्षेत्रभित्र पर्ने हिमाली, पहाडी र तराई प्रदेशका १२ जिल्लामा यो अनुसन्धान गरेको थियो जसमा निम्न उद्देश्यहरु राखेको थियो ।

- प्राथमिक तह उत्तिर्ण विद्यार्थीहरुको साक्षरता मापन गर्नु ।
- भाषा, लिङ्ग र भौगोलिक अवस्थितिले प्राथमिक तहका बालबालिकाको उपलब्धिमा पाइन प्रभाव पत्ता लगाउनु ।
- प्रत्येक विकास क्षेत्रका प्राथमिक तह उत्तिर्ण बालबालिकाको पाप्ति साक्षरता तहको तुलनात्मक अध्ययन गर्न ।

यस अध्ययनका लागि १९७७ मा प्रकाशित शैक्षिक तथ्याङ्कको आधारमा देशका चार विकास क्षेत्र हिमाल, पहाड र तराई प्रदेशबाट १/१ वटा विद्यालय पर्ने गरी जम्मा १२ वटा विद्यालयहरु आकस्मिक टेबुल प्रणालीबाट नमूना छनोट गरी अध्ययन गरिएको थियो । यस अध्ययनका साधनहरुमा साक्षरता मापन परीक्षण र शैक्षिक अन्तर्वार्ता फारम तयार गरिएको थियो । साक्षरता मापन विद्यार्थीको लागि थियो जसमा पढाई, लेखाई र अंकसम्बन्धी उपलब्धी मापन गर्ने प्रयोजनका लागि तयार गरिएको थियो भने शैक्षिक अन्तर्वार्ता फारम शिक्षकका लागि थियो । अध्ययनको निष्कर्षमा पढाई भन्दा लेखाई र गणितमा बढी विविधता पाइएको, साक्षरताको उपलब्धि पूर्वाञ्चलमा बढी र सुदूरपश्चिममा सबैभन्दा कम पढाई, लेखाई भन्दा गणितमा कमजोर पाइएको त्यसमा पनि क्षितिजीय रुपमा दिएका समस्याहरु गणितका ४ नियम प्रयोग गरी हल गर्न असक्षम देखिएको आदि रहेका छन् । सर्वेक्षणबाट प्राप्त नतिजाका आधारमा प्राथमिक तहमा लेखाइ र गणितमा जोड दिनुपर्ने गणितका ४ नियमलाई विद्यार्थीको प्रयोगात्मक उपयोगी हुने गरी प्रभावकारी ढंगले सिकाउनु पर्ने, तालिमको माध्यमबाट शिक्षकहरुलाई परम्परागत तरिकाको शिक्षण प्रक्रियालाई बदल्न मद्दत गर्नुपर्ने, पूर्वाञ्चलको तुलनामा पश्चिमाञ्चलका शिक्षकहरुले शिक्षण सिकाइ प्रक्रियामा भौतिक सुधार सुविधा, शैक्षिक सामाग्री आदिको प्रबन्ध गरी व्यापक सुधार गर्नुपर्ने जस्ता अध्ययनका सुझावहरु प्रस्तुत गरेको पाइन्छ ।

खतिवडा (२०६६) का अनुसार सार्वजनिक विद्यालयहरुमा राजनैतिक हस्तक्षेप र स्थानीय समाजसेवीको सहभागीताको अभावले शिक्षाको गुणस्तरमा वा शैक्षिक उपलब्धिमा ह्रास आइरहेको छ । वर्तमान समयसम्म आइपुगदा संस्थागत र सामुदायिक विद्यालय विचको कक्षा शिक्षण र मूल्याङ्कन प्रणालीलाई नै हेर्ने हो भने संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयको केही कमजोरी रहेको देखिन्छ । आफ्नै लगानीमा संचालित संस्थागत विद्यालयहरुले सरकारी नियन्त्रणबाट छुटकारा पाउँदै गएपछि विद्यालयको उपलब्धि स्तर अभिवृद्धि गर्दै आएको पाइन्छ भने सामुदायिक विद्यालयको उपलब्धि स्तर त्यति राम्रो देखिँदैन अर्थात् त्यसता विद्यालयहरुले स.स्थागत विद्यालयहरुसँग प्रतिस्पर्धा गर्न सकेका हुँदैनन् ।

खनाल (२०६२) ले अध्यनमा उद्देश्य, विषयवस्तु, शिक्षण सामाग्री, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रियालाई आधार बनाएकि छिन् । खनालले पाठ्यक्रमको तुलना गर्दा पाठ्यक्रममा रहेका समानता र असमानताको विवेचना गरी निष्कर्ष निकालेकी छिन् । प्राथमिक तहमा मौन पठन क्षमताको विकास गर्ने उद्देश्य उपयुक्त देखिँदैन, कतिपय उद्देश्यहर विद्यार्थीको स्तर भन्दा उच्च प्रवृत्रिका देखिएका छन् । शिक्षण सामाग्रीको उलेख नगर्दा जस्ता कमजोरी उल्लेख छन् ।

पौडेल (२०६९) ले कक्षा ८ को सामुदायिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको तुलना शिर्षकमा अध्ययन गरेको पाइयो । जसमा अध्ययनको उद्देश्य अनुरुप पाठ्यक्रम कार्यान्वयनको लागि आवश्यक (योजनाहरु, दस्तावेजहरु शिक्षक विद्यार्थी व्यवस्थापन) का आधारमा सामुदायिक र संस्थागत विद्यालयको शिक्षण सिकाई क्रियाकलापको अध्ययनमा शैक्षिक सामाग्रीहरुको प्रयोग नगरिकन छलफल विधिको प्रयोगबाट शिक्षण गरेको उल्लेख गरेका छन् । सामुदायिक विद्यालयका विद्यार्थीहरु संस्थागत विद्यालयको भन्दा शिक्षण सिकाईक्रियाकलापमा कम सक्रिय रहेको भन्दै दुवै विद्यालयमा उपयुक्त शैक्षिक सामाग्रीको प्रयोग गरी शिक्षण गर्नुपर्ने सुझाव दिनु भएको छ ।

गौतम (२०६९) ले सामुदायिक र संस्थागत विद्यालयमा पूर्ण प्राथमिक तहको पाठ्यक्रम कार्यान्वयनको तुलनाको अध्ययन शिर्षकमा अध्ययन गरेको पाइयो । जसमा सामुदायिक र संस्थागत दुवै विद्यालयमा उपयुक्त कक्षा कोठा, भौतिक सुविधा, खेलमैदान, शैक्षिक सामागी, निरीक्षण र अनुगमन नहुनु, समन्वय र समझदारीको अभाव, उपयुक्त मूल्याङ्कन विधिको अभाव जस्ता समस्याहरु दुवै विद्यालयमा देखिन्छ । सामुदायिक र संस्थागत दुवै विद्यालयमा पूर्ण प्राथमिक तहमा पाठ्यक्रम कार्यान्वयनमा देखा परेका समस्या समाधान गर्न भौतिक सुधिवामा वृद्धि खेल तथा शिक्षणको अवस्था अभिभावकसँग नियमित रुपमा अन्तरक्रिया, शिक्षक तालिमको व्यवस्था जस्ता कुरामा जोड दिनुपर्ने निष्कर्ष निकालेका छन् ।

## २.३ अवधारणा निर्माण

अवधारणा निर्माण भन्नाले अध्ययन गर्ने अनुसन्धानकर्ताको मानसिक नक्सा हो । यसले अनुसन्धानकर्तालाई मार्ग निर्देशन गर्दछ । कक्षा १ को सामुदायिक र संस्थागत विद्यालयको पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन गर्नका लागि निम्नानुसारको अवधारणात्मक ढाँचा निर्माण गरिएको छ ।

**चार्ट २.३: अध्ययनको अवधारणात्मक ढाँचा**



# परिच्छेद तीन

# अध्ययन विधि

कुनै पनि विषयवस्तुको बारेमा गहिरिएर अध्ययन गर्न अर्थात् कुनै विषयमा खोजी कार्य गर्नु अनुसन्धान हो भने अनुसन्धान गर्नका लागि अपनाइने तरिका वा अध्ययनको प्रक्रिया अध्ययनको विधि हो । जसले कुनै पनि अध्ययन अनुसन्धानलाई लक्ष्य प्राप्त गर्न सहयोग पुऱ्याउँछ । कार्यक्रम अध्ययनलाई सही बाटो दिन र निर्धारित समयमा उद्देश्य प्राप्त गर्न उपयुक्त विधि छनोट गर्नुपर्छ । यस अनुसन्धान कार्य अध्ययनको उद्देश्य र प्रवृत्ति अनुरुप निम्नलिखित विधि तथा प्रक्रिया अवलम्बन गरी सम्पन्न गरिनेछ ।

## ३.१ अनुसन्धान ढाँचा

अध्ययनको प्रकृति स्वरुप तथा अवस्था स्थितिलाई अध्यनजर गरी त्यसलाई कुशलतापूर्वक सम्पादन गर्न त्यसलाई निश्चित योजना तथा कार्यनीतिको जरुरद पर्दछ । पूर्व निर्धारित योजनाले नै लक्ष्य प्राप्त गर्न सक्दछ । अध्ययन अनुसन्धानका लागि तयार पारिएको बृहत् योजना तथा कार्यनीतिलाई अनुसन्धान ढाँचा भनिन्छ । जुन व्यवस्थित, तार्किक र संगठित गरिएको हुन्छ । यस अध्ययनको उद्देश्य अनुरुप लक्ष्य हासिल गर्नका लागि गुणात्मक सूचनाहरुको संकलन आवश्यक पर्ने भएकाले यो अध्ययन पूर्ण रुपमा गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहनेछ । गुणात्मक अनुसन्धान भन्नाले कुनै अवस्था, घटना, प्रक्रिया तथा अध्ययन गर्ने उद्देश्यले नामरुपी तथा क्रमागत स्केलमा मापन गरिएका वा शाब्दिक रुपमा संकलन गरिएका असाङ्खिक तथ्यांकहरुलाई तार्किक विधिद्वारा विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसन्धान बुझाउँदछ । गुणात्मक अनुसन्धान निष्कर्षमा पुगिने अनुसन्धान बुझाउँछ । गुणात्मक अनुसन्धान ढाँचामा आधारित यस अध्ययन रहने भएकोले अध्यनको उद्देश्य बमोजिम अनुसन्धानकर्ता स्वयं अनुसन्धान क्षेत्रमा प्रत्यक्ष रुपमा सहभागी भई विद्यालय सर्वेक्षण फारम, प्रधानाध्यापकसँगको अन्तर्वार्ता, फाराम, शिक्षक प्रश्नावली कक्षा अवलोकन फाराम, लक्षित समूहसँग छलफलका लागि निर्देशिका र दस्तावेज अध्ययन जस्ता मूल्याङ्कनका साधनहरु प्रयोग गरी प्राकृतिक अवस्थाका बहुवास्तविकतालाई खोज गरी शाब्दिक रुपमा असङ्ख्यिक तथ्याङ्कहरु संकलन गरी तार्किक विधिद्वारा विश्लेषण गरी निष्कर्षमा पुगीयो ।

## ३.२ जनसंख्या र नमूना छनोट प्रक्रिया

अध्ययन कार्यलाई सहज, सरल एवं कम समय र खर्चमा सञ्चालन गर्नका लागि निश्चित नमूना जनसंख्याको छनोट गर्ने गरिन्छ । प्रस्तुत अधययनमा पनि नेपालका समग्र सामुदायिक र संस्थागत विद्यालयहरुमा अनुसन्धान गर्न नसकिने भएकाले निश्चित नियम एवं विधिमा आधारित भई नमुनाको छनोट गरिएको छ । यस अध्ययनको लागि नमूना छनोट गर्दा गुणात्मक अनुसन्धान अन्तर्गत उद्देश्यमूलक नमूना छनोट विधि प्रयोग गरी विद्यालयका प्र.अ., शिक्षकहरु र विद्यार्थीहरुलाई छनोट गरिएको छ । जस अन्तर्गत पर्वत जिल्लालाई अध्ययनको क्षेत्र मानी निम्नानुसार नमूना छनोट गरिएको थियो ।

### ३.२.१ विद्यालयको छनोट

यस अध्ययनको लागि छनोटमा परेको सामुदायिक विद्यालय श्री थापाठाना मा.वि. र संस्थागत विद्यालय ग्रीनपिस इङ्गलिस बोर्डिङ्ग स्कूल गरी दुईवटा विद्यालयलाई सुविधाजनक नमूना छनोटको आधारमा छनोट गरिएको थियो ।

### ३.२.२ प्रधानाध्यापकको छनोट

यस अध्ययनको लागि छनोटमा परेको सामुदायिक विद्यालय श्री थापाठाना मा.वि. र संस्थागत विद्यालय ग्रीनपिस, इङ्गलिस, बोर्डिङ्ग स्कूलबाट १/१ जना प्र.अ. गरी २ जना प्र.अ. हरुलाई छनोट गरी अन्तर्वार्ता फारमको प्रयोग गरी आवश्यक सूचना संकलन गरिएको थियो ।

### ३.२.३ शिक्षकहरुको छनोट

छनोटमा परेका सामुदायिक विद्यालय श्री थापाठाना मा.वि. र संस्थागत तर्फ ग्रीनपिस इङ्गलिस बोर्डिङ्गबाट कक्षा १ मा अध्यापन हुने पाठ्यक्रम अनुरुप सम्पूर्ण विषयका ६/७ जना विषय शिक्षकहरुलाई गरी जम्मा १३ जना विषय शिक्षकहरु नमूनाको रुपमा छनोट गरी शिक्षक प्रश्नावलीको प्रयोग गरी आवश्यक सूचना संकलन गरिएको थियो ।

### ३.२.४ विद्यार्थी छनोट

उक्त छनोट परेका सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा कक्षा १ मा अध्ययनरत कुल विद्यार्थीहरु मध्ये दुवै विद्यालयबाट ५/५ जना विद्यार्थीहरु अन्तर्वार्ताका लागि छनोट गरिएको थियो ।

### ३.३ मूल्याङ्कन साधनहरु निर्माण

यस अध्ययन अनुसन्धानलाई अर्थपूर्ण र उद्देश्य प्राप्त गर्ने गरी समापन गर्न छनोटमा परेका विद्यालय प्र.अ., शिक्षक र विद्यार्थीहरुबाट गुणात्मक सूचना संकलन गर्नका लागि निम्न साधनहरुको प्रयोग गरिएको थियो ।

#### ३.३.१ विद्यालय सर्वेक्षण फारम

नमूना छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा १ को पाठ्यक्रम विषयहरु पाठ्यभार, उत्तीर्णदर, पूर्णाङ्क विषयहरुको मूल्य, प्रकाशक, माध्यम, रुटिन, शिक्षक, हाजिरी सहभागिता, विद्यार्थी विद्यालय क्यालेन्डर, बिहानको प्रार्थना आदि पत्ता लगाउन विद्यालय सर्वेक्षण फारमको प्रयोग गरिएको थियो ।

#### ३.३.२ प्रधानाध्यापक सँगको अन्तर्वार्ता फारम

प्र.अ. अन्तर्वार्ता फारममा प्रा.वि. तहको पाठ्यक्रम संरचनाको मूल्याङ्कनसँग सम्बन्धित विभिन्न प्रश्नहरु समावेश गरी अन्तर्वार्ता फारम तयार गरिनेछ । यसमा पाठ्यपुस्तक छनोटका आधारहरु पाठ्यपुस्तकको समस्याहरु विद्यालय रुटिनको योजना, पाठ्यक्रम कार्यान्वयन प्रक्रिया, कार्यान्वयनका समस्याहरु, क्यालेन्डर योजना प्रक्रिया, भौतिक पूर्वाधार व्यवस्थापन प्रक्रिया, समस्या समाधनका उपायहरु, शिक्षकको छनोट प्रक्रिया, अतिरिक्त क्रियाकलाप, परीक्षा प्रणाली आदि जस्ता कुराहरु समावेश गरी प्रश्नहरु बनाइयो ।

#### ३.३.३ शिक्षक प्रश्नावली

छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयको कक्षा १ को अनिवार्य विषय शिक्षकहरु, अन्तर्वार्ताका सम्पूर्ण विषय शिक्षकहरुसँग प्रश्नावलीको माध्यमबाट विभिन्न सूचनाहरु संकलन गर्नको लागि आवश्यक प्रश्नावलीहरु तयार गरिनेछ । यस अन्तर्गत शिक्षकले पढाउने विषय, पाठ्यपुस्तक छनोट र व्यवस्थापन, योग्यता पाठ्यपुस्तकमा भएका सवल र दुर्वल पक्षहरु, कक्षा क्रियाकलापहरु, विधि र सामाग्रीहरु, दण्ड र पुरस्कार परीक्षाका प्रकार, समय निर्माण, विद्यार्थीको नतिजा आदिजस्ता कुराहरु समावेश गरी प्रश्नहरु बनाइयो ।

### ३.३.४ कक्षा अवलोकन फाराम

यस अध्ययनमा कक्षा शिक्षकको अनुमति लिई शिक्षक कक्षामा प्रवेश गर्ने समय, पाठको सुरुवात र प्रस्तुतीकरण विद्यार्थीको सक्रियता, शिक्षण प्रक्रिया, शैक्षिक सामाग्रीको प्रयोग र मूल्याङ्कन, दण्ड र पुरस्कार, विद्यार्थीको वसाई व्यवस्था, गृहकार्य, जाँच, पृष्ठपोषण, पाठ्यपुस्तक प्रयोगका साथै कक्षा अन्त्य हुने समय आदि जस्ता कुराहरुको सूचना संकलन गर्नका लागि कक्षा अवलोकन फारम निर्माण गरिएको थियो ।

### ३.३.५ लक्षित समूहसँग छलफलका लागि निर्देशिका

विद्यार्थीहरुसँग छलफलबाट यस अध्ययनका लागि आवश्यक पर्ने विभिन्न पक्षसँग सम्बन्धित अन्तर्वार्ता गर्नका लागि विद्यार्थीको संख्या, मनिटरको व्यवस्था, शिक्षकले गर्ने सजाय वा पुरस्कार विषयवस्तु सकिएको अवस्था, कक्षा क्रियाकलाप, परीक्षा, परीक्षा अगाडि र पछाडि हुने तयारी दिँदा अतिरिक्त क्रियाकलाप जस्ता विषयसँग सम्बन्धित प्रश्नहरु समावेश गरिएको थियो ।

### ३.३.३ दस्तावेज अध्ययन

यस अध्ययनमा उद्देश्य अनुरुप पाठ्यक्रम कार्यान्वयन योजना र पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्नका लागि शिक्षक निर्देशिका, पाठ्यक्रम, विद्यालयको वार्षिक शैक्षिक प्रतिवेदन, स्रोतकेन्द्र विद्यालय अन्तर्गतको वार्षिक प्रतिवेदनलाई दस्तावेज अध्ययन लागि आधार मानिएको थियो ।

## ३.४ साधनको वैधता

साधनको वैधता भन्नाले अध्ययनका क्रममा तथ्याङ्क संकलन गर्न प्रयोग गरिएका साधनहरुले अध्ययनको उद्देश्यलाई कुन हदसम्म पूरा गर्न सकिन्छ वा ती साधनले अध्ययनको सम्पूर्ण विषयवस्तुको प्रतिनिधित्व हुने गरी तथ्यांक संकलन गर्न सक्यो वा सकेन भन्ने कुरा बुझ्नु पर्दछ । यस अध्ययनमा प्रयोग भएका साधनलाई अन्तिम रुप दिन अगाडि त्यसको विश्वसनियता एवं उपयोगिता परीक्षण गर्नका लागि उक्त साधनको वैधता निर्धारण गरिसकेपछि सहपाठी साथीहरुसँग छलफल गरेर सुधार गरी सोध निर्देशक समक्ष प्रस्तुत गरिएको थियो । शोध निर्देशकको राय, सुझाव अनुसार परिमार्जन गरी उहाँकै सल्लाह अनुसार साधनलाई अन्तिम रुप दिइयो ।

## ३.५ सूचना संकलन प्रक्रिया

यस अध्ययनको लागि छनोटमा परेका विद्यालयबाट प्राथमिक र द्वितीय स्रोतका आधारमा गुणात्मक सूचनाहरु संकलन गर्ने कार्य गरिएको थियो । सर्वप्रथम द्वितीय स्रोत अन्तर्गत यस अध्ययनलाई प्रभावकारी बनाउन शीर्षकसँग सम्बन्धित विभिन्न प्रतिवेदन, शोधपत्रहरु, लेखहरु र विद्यालयका रेकर्डहरु आदिको अध्ययन गरियो । यस

अध्ययन सकेपछि प्राथमिक स्रोतहरुलाई सूचना संकलन गरिएको थियो ।

यस अध्ययन गुणात्मक भएकाले अध्ययन कर्ताले छनोट गरिएको अध्ययन क्षेत्रमा स्वयं गई आवश्यक पर्ने सूचनाहरु संकलन गर्ने कार्य गरियो । सूचना संकलनको क्रममा विद्यालय सर्वेक्षण फारम, शिक्षक प्रश्नावली र विद्यार्थीको समूह बनाई समूह छलफल गरिएको थियो । यी विभिन्न पक्षबाट प्राप्त सूचनालाई तुलनात्मक रुपमा केलाएर आवश्यक सूचनाहरु मात्र प्रतिवेदनमा राखिएको थियो ।

## ३.६ सूचनाको विश्लेषण प्रक्रिया

गुणात्मक विश्लेषणको एकमात्र उद्देश्य प्राप्तिको विकास गर्नु हो वा संकलित सूचनाहरुबाट सार तत्व निकालेर त्यसलाई संरचना योग्य बनाउनु हो । यस विद्यालय अध्ययनबाट प्राप्त विभिन्न सूचनाहरु सामुदायिक र संस्थागत विद्यालयमा कक्षा १ को पाठ्यक्रम कार्यान्वयनको अवस्थासँग सम्बन्धित रहेको छ । नमूना छनोटमा परेका कक्षा १ का विद्यार्थीहरु, अध्यापन गराउने शिक्षक, शिक्षिकाहरु र प्र.अ. अन्तर्वार्ता लक्षित समूहको छलफल निर्देशिका र दस्तावेज अध्ययन जस्ता साधनहरुबाट प्राप्त गुणात्मक अध्ययन गरी वर्णनात्मक र तार्किक विधिबाट विश्लेषण र व्याख्या गरी निष्कर्ष र सुझाव प्रस्तुत गरिएको थियो ।

# परिच्छेद चार

## सूचनाका विश्लेषण र व्याख्या

कुनै पनि अनुसन्धान कार्यका लागि चाहिने आवश्यक सूचना प्राप्त गरी सकेपछि ती प्राप्त सूचनालाई व्यवस्थित रुपले राखेर विश्लेषण र व्याख्या गर्नुपर्ने हुन्छ । अध्ययनकर्ताबाट के कस्ता सूचना प्राप्त भए तिनको विश्लेषण र व्याख्या गरेर प्रस्तुत गर्नुपर्ने हुन्छ । यस अध्ययनलाई सफलतापूर्वक सञ्चालन गर्ने क्रममा अध्ययनका उद्देश्य अनुरुप सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा १ को पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययनको लागि आवश्यक पर्ने सूचना अन्तर्गत विद्यार्थी सर्वेक्षण फारम, प्र.अ. अन्तर्वार्ता फारम, शिक्षक प्रश्नावली कक्षाकोठा अवलोकन फारम, लक्षित समूह छलफल र दस्तावेज अध्ययन जस्ता साधनहरुको प्रयोग गरिएको थियो । यी यस्ता प्राथमिक र द्वितीय स्रोतबाट प्राप्त तथ्यांकहरु वा सूचनाहरुलाई विस्तृत रुपले विश्लेषण र व्याख्या गरी नमूनामा परेको पर्वत जिल्ला थापाठाना गा.वि.स. वडा नं. २ मा रहेको सामुदायिक विद्यालय श्री थापाठाना माध्यमिक विद्यालय र संस्थागत विद्यालय ग्रिनपिस इङ्गलिस स्कूल विचको कक्षा १ को पाठ्यक्रम कार्यान्वयनको अवस्थालाई यहाँ तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ ।

### ४.१ विषयगत संरचना र पाठ्यपुस्तकहरु

पाठ्यक्रम संरचना र कक्षा १-८ सम्म आधारभूत तह र ९-१२ सम्म माध्यमिक तह गरी विद्यालय संरचनालाई दुई तहमा विभाजन गरिएको छ । कक्षा १-३ लाई आधारभूत तहको प्रथम चरण अन्तर्गत राखिएको छ । (राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३) नमूना छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयमा कार्यान्वयनमा आएको पाठ्यक्रमको विषयगत संरचनाको तुलनात्मक अध्ययन गर्दा विद्यालय सर्वेक्षण फारम, प्र.अ. सँगको अन्तर्वार्ता, शिक्षक प्रश्नावली र दस्तावेज अध्ययनको सहायता लिइएको थियो । जसअनुसार दुवै विद्यालयहरुमा शिक्षा सम्बन्धी उच्चस्तरीय कार्य समितिको प्रतिवेदन २०५८, प्राथमिक शिक्षा पाठ्यक्रमको प्रभावकारिता अध्ययन प्रतिवेदन २०५९, प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ लाई आवश्यक परिमार्जन गरी परीक्षणका रुपमालागू गर्न प्राथमिक शिक्षा पाठ्यक्रम २०६० (परीक्षण) देशभरकार्यान्वयन गर्न स्वीकृति प्राप्त भएको थियो । यसैको निरन्तरता स्वरुप प्राथमिक शिक्षा पाठ्यक्रमकक्षा (१-५) २०६५ तयार पारिएको हो । (प्राथमिक शिक्षा पाठ्यक्रम, २०६५) पाठ्यपुस्तकको सन्दर्भमा भने स.स्थागत विद्यालयले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत प्राप्त अन्य प्रकाशनका पाठ्यपुस्तकहरु प्रयोगमका ल्याएको पाइन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३, प्राथमिक शिक्षा अनुरुप कक्षा १ मा राखिनु पर्ने विषयहरुमा नेपाली, अंग्रेजी गणित, स्वास्थ्य विज्ञान, सामाजिक शिक्षा तथा सामान्य ज्ञान र नैतिक शिक्षा विषयहरु रहेका छन् । जसमा

अनिवार्य र स्थानीय विषय गरी ३४  पाठ्यभार भएको पूर्णाङ्क हुनुपर्नै प्रावधान रहेको छ । सामुदायिक विद्यालयमा स्थानीय विषय अंग्रेजी राखिएको छ भने संस्थागत विद्यालयमा १०० पूर्णाङ्क बढी र स्थानीय विषयमा ५०+५० विषयको दुईवटा नैतिक शिक्षा र सामान्य ज्ञान विषय पढ्नुपर्नै व्यवस्था रहेको छ । विद्यालय सर्वेक्षण फाराम, दस्तावेज अध्ययनबाट प्राप्त सूचना अनुसारसामुदायिक र संस्थागत विद्यालयहरुमा कार्यान्वयन भइरहेको कक्षा १ को विषयगत संरचना र पाठ्यपुस्तकको तुलनात्मक अवस्था तलको तालिकामा हेर्न सकिन्छ ।

**तालिका नं. ४.१**

**सामुदायिक र संस्थागत विद्यालयको कक्षा १ को पाठ्यपुस्तकको विवरण**

| विद्यालय | विषय संख्या | पाठ्यपुस्तक संख्या | जम्मा पूर्णाङ्क | उत्तिर्णाङ्क | साप्ताहिक पाठ्यभार | प्रकाशन | भाषा | मूल्य |
|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ६ | ६ | ६०० | ३२ | ३४ | पा.वि.के. | नेपाली | २२० |
| संस्थागत | ८ | ९ | ७०० | ३५ | ४० | निजी | अंग्रेजी | १४८५ |

नोटः सामुदायिक विद्यालयमा अंगेजी र स्थानीय विषय (अंग्रेजी) बाहेक सबै विषयहरु नेपाली माध्यमबाट शिक्षण गरेको पाइयो भने संस्थागत विद्यालयमा भाषा विषय (नेपाली) बाहेक सबै विषय अंग्रेजी माध्यमबाट शिक्षण गरेको पाइयो ।

माथिका दुवै तालिकालाई विश्लेषणणात्मक रुपले अध्ययन गर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा १०० पूर्णाङ्कको एउटा विषय बढी पढाई हुने गरेको पाइयो । संस्थागत विद्यालयमा पूर्णाङ्क ७०० र स्थानीय विषयमा सामान्यज्ञान र नैतिक शिक्षा ५०+५० पूर्णाङ्कको पढाई हुने व्यवस्था रहेको पाइन्छ । सामुदायिक विद्यालयले ऐच्छिक विषयमा अंग्रेजी राखिएको छ भने ५ वटा पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित पाठ्यपुस्तकलाई कक्षा कोठामा कार्यान्वयनमा ल्याएको पाइन्छ । स्थानीय विषय अंग्रेजी बनाई विद्यार्थी प्रकाशनको प्रयोगमा ल्याएको छ । संस्थागत विद्यालयमा पाठ्यक्रम विकास केन्द्रले स्वीकृत प्रदान गरेको निजी प्रकाशनद्वारा प्रकाशित सम्पूर्ण पुस्तकहरु कक्षाकोठामा कार्यान्वयनमा ल्याइएको छ । पाठ्यपुस्तकको भाषाको माध्यम सामुदायिक विद्यालयमा अंग्रेजी र स्थानीय अंग्रेजी बाहेक सबै नेपाली भाषाको माध्यमबाट पढाइदो रहेछ । संस्थागत विद्यालयमा अनिवार्य नेपाली बाहेकका विषयहरु अंग्रेजी माध्यमबाट पढाईदो रहेछ । पाठ्यपुस्तकको मूल्य सामुदायिक विद्यालयको

भन्दा संस्थागत विद्यालयमा ६ गुणा बढी छ । सामुदायिक विद्यालयमा पाठ्यपुस्तक निःशुल्क वितरण गरिन्छ । स्थानीय विषय भने विद्यार्थी आफैले किन्नुपर्ने व्यवस्था गरिएको छ । पाठ्यपुस्तक संख्या ९ (नेपाली २, र स्थानीय विषयको २ वटा सामान्य ज्ञान र नैतिक शिक्षा) रहेको छ भने सामुदायिक विद्यालयमा ६ वटा पुस्तक रहेको पाइन्छ ।

संस्थागत विद्यालयको पाठ्यपुस्तक विद्यार्थी स्वयम्ले किन्नु पर्ने कुरा शिक्षक प्रश्नावलीबाट प्राप्त हुन्छ । संस्थागत विद्यालयको पाठ्यपुस्तक यति महँगो किन भनी सोधिएको प्रश्नमा संस्थागत विद्यालयका प्रिन्सिपल जगत पौडेल यसरी बताउनुहुन्छ । सामुदायिक विद्यालयको पाठ्यपुस्तक जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडले मुद्रण गर्छ जसलाई नेपाल सरकारले अनुदान प्रदान गर्दछ भने संस्थागत विद्यालयमा त्यो अवस्था नरहेकोले पाठ्यपुस्तक छपाईमा लागत बढी लाग्ने सरकारी पाठ्यपुस्तक भन्दा पाठ्यपुस्तकका गुणस्तर राम्रो र केही नफा कमाउने उद्देश्य पनि रहेको उल्लेख गर्नुभयो ।

शिक्षकलाई प्रस्तुत गरिएको प्रश्नावलीबाट प्राप्त सूचनाहरु विश्लेषण गर्दा संस्थागत विद्यालयमा पुस्तकालयको व्यवस्था नरहेता पनि विद्यार्थीहरुसँग उपयुक्त मात्रामा पाठ्यपुस्तक रहेको पाइयो भने सामुदायिक विद्यालयमा पुस्तकालयको व्यवस्था भएको र पाठ्यपुस्तकहरु पनि प्रयाप्त मात्रामा भएको शिक्षक प्रश्नावलीको सूचनाबाट प्राप्त भएको छ । स्थानीय विषय छनोट गर्दा विद्यार्थीहरुको स्तरलाई ध्यानमा राखी प्र.अ. शिक्षक, अभिभावक, स्रोतव्यक्ति विद्यालय व्यवस्थापन समिति विच छलफल गरी छनोट गर्ने गरेको सामुदायिक विद्यालयका प्र.अ. विष्णु प्रसाद शर्माले बताउनु हुन्छ भने संस्थागत विद्यालयमा विद्यार्थीको स्तर र आर्थिक अवस्थालाई ख्याल गरी लगानीकर्ता, शिक्षक, अभिभावक मिलेर छनोट गर्ने गरेको प्र.अ. जगत पौडेल बताउनु हुन्छ ।

## ४.२ शैक्षिक क्यालेन्डर

प्राथमिक शिक्षा पाठ्यक्रम एक शैक्षिक वर्षमा कम्तिमा २२० दिन विद्यालय खोल्ने र १९२ दिन पठनपाठन सञ्चालन हुनेछ भनी पठनपाठन समयावधि तोकेको छ ( प्राथमिक शिक्षा पाठ्यक्रम,२०६५) । अध्ययन गरिएको विद्यालयमा पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने शैक्षिक क्यालेन्डर, योजना र समस्या के कस्तो रहेको छ भनी प्र.अ.सँग प्रश्न सोधिएको थियो । सामुदायिक र संस्थागत दुवै विद्यालयको पढाई हुने दिन, खुल्ने समय, परीक्षा हुने दिन बिदा निम्नानुसार छ ।

**तालिका नं. ४.२**

**विद्यालयको शैक्षिक क्यालेण्डर**

| विद्यालय | शैक्षिक सत्र शुरु मिति | शैक्षिक सत्र बन्द मिति | स्कूल खुल्ने दिन | पढाई हुने दिन | परीक्षा हुने दिन | विदा |
|---|---|---|---|---|---|---|
| सामुदायिक | २०६९/०१/२० | २०६९/१२/२२ | २२० | १९० | २१ | ५० |
| संस्थागत | २०६९/०१/१० | २०६९/१२/२६ | २३५ | २२० | २२३ | ४० |
| भिन्नता | १० | ४ | १५ | ३२ | ४९ | १० |

विद्यालय सर्वेक्षण फारम, २०६९ ।

माथिको तालिकालाई विश्लेषणात्मक रुपमा अध्ययन गर्दा संस्थागत विद्यालयमा एक शैक्षिक शत्रमा विद्यालय खुल्ने दिन प्राथमिक शिक्षा पाठ्यक्रमले तोके अनुसार नै देखिन्छ । शैक्षिक क्यालेन्डर निर्माण गर्दा सम्पूर्ण प्र.अ., शिक्षक/शिक्षक र विद्यालय व्यवस्थापन समिति विचको छलफल र सहमति अनुसार निर्माण गरिने कुरा दुवै विद्यालयका प्र.अ.ले बताउनु भयो । जसमा वर्षभरिमा विद्यालय खुल्ने दिन, पढाई दिन, परीक्षा हुने र विदा हुने कुरा प्रष्ट जानकारी गराएको पाइन्छ । सामुदायिक विद्यालयको क्यालेण्डर हेर्दा विद्यालय खुल्ने दिन २२०, पढाई हुने दिन १९०, परीक्षा हुने दिन २१ र विदा हुने दिनमा (असार २० देखि श्रावण १५ सम्म २७ दिन असोजव ३० देखि कार्तिक १४ गतेसम्म १४ दिन दशैं विदा ४ दिन मंसिरमा विदा) ५० दिन विदा रहेको छ । त्यसैगरी संस्थागत विद्यालयको शैक्षिक क्यालेण्डर हेर्दा विद्यालय खोल्ने दिन २३५ पढाई हुने २२० दिन, परीक्षा हुने दिन २५ रविदा ४० दिन रहेको छ । यी दुवै विद्यालयको शैक्षिक क्यालेण्डर तुलना गर्दा सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालय वर्ष भरिमा १० दिन बढी खेल्ने र ३० दिन बढी पढाई हुने र ४ दिन परीक्षा बढी हुने गरेको देखिन्छ ।

**४.३ समय तालिका**

सामुदायिक र संस्थागत विद्यालय अन्तर्गत श्री थापाठाना मा.वि. थापाठाना र ग्रीनपिस इङ्गलिस स्कूल थापाठानाको कक्षा १ को पाठ्यक्रम कार्यान्वयन के कसरी भइरहेको छ भनी अधययन गर्नका लागि समयतालिका पनि महत्वपूर्ण रहेको हुनाले दुवै विद्यालयको समय तालिका अध्ययन गरिएको छ । पाठ्यक्रमले निश्चित समयसम्ममा योजना गरिएका विषयवस्तुलाई कार्यान्वयन गर्नका लागि पाठ्यक्रमले निश्चित समय छुट्याएको हुन्छ । प्राथमिक शिक्षा पाठ्यक्रम अनुसार तोकेको वार्षिक घण्टा नघट्ने गरी पाठको आवश्यकतानुसार ४५ मिनेटको समयमा एक घण्टी मानी कक्षा सञ्चालन गर्ने गरी पठनपाठनको समय तोकेको छ । समयतालिकाले पनि पाठ्यक्रम कार्यान्वयनमा

प्रभाव पार्दछ र समय तालिकाबारे सूचना संकलन गर्दा प्र.अ. सँगको अन्तर्वार्ता, शिक्षक प्रश्नावली, लक्षित समूह छलफल, द स्तावेज अध्ययनको सहायता लिएको थियो । छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयको कक्षा १ को समय तालिका निर्माण निम्नानुसार गरेको पाइयो ।

**तालिका नं. ४.३**

**संस्थागत र सामुदायिक दुवै विद्यालयको कक्षा १ को समय तालिका**

| विद्यालय | सुरु समय | अन्त्य समय | पिरियड अवधि | मध्यान्तर | पिरियड संख्या |
|---|---|---|---|---|---|
| सामुदायिक | १० बजे | ३.१५ मिनेट | ४५ मिनेट | ३० मिनेट | ६ |
| संस्थागत | १० बजे | ४ बजे | ४५ मिनेट | ३० मिनेट | ७ |

विद्यालय सर्वेक्षण फारम, २०६९ ।

माथिको तालिकालाई विश्लेषणात्मक रुपमा अध्ययन गर्दा सामुदायिक विद्यालय ठिक १०:०० बजे खुल्ने त्यसपछि १५ मिनेट सरस्वती प्राथर्जना गरिसकेपछि १०:१५ मा पहिलो घण्टी सुरु हुने र अन्तिम घण्टि २:३० मा सुरु भई ३:१५ मा विद्यालय छुट्टी हुने गरेको देखिन्छ । दुवै विद्यालयमा नियमित घण्टी ४५ मिनेटको समय र टिफिन समय ३० मिनेटको समय तालिका निर्माण गरेको देखिन्छ । त्यसैगरी संस्थागत विद्यालयमा पनि १० बजे विद्यालय खुल्ने र १५ मिनेट सरस्वती प्रार्थना, पिटी पछि पहिलो कक्षा ठिक १०:१५ बजे सुरु हुन्छ । दुवै विद्यालयमा खाजा खाने समय १:१५ देखि १:४५ सम्म हुँदो रहेछ । सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयमा १ घण्टी बढी पढाई हुँदो रहेछ । विद्यालय ४:०० छुट्टि हुने गरी समय तालिका निर्माण गरेको देखिन्छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम अनुसार ४५ मिनेटको समयलाई १ घण्टी भनी कक्षा सञ्चालन गरिनुपर्ने गरी समयावधि, निर्धारण गरेको छ । यी दुवै विद्यालयरुमा पनि योजना अनुरुप नै तालिका निर्माण गरी पाठ्यक्रम कार्यान्वयन भएको देखिन्छ ।

## ४.४ भौतिक पूर्वाधारहरु

कुनै पनि शैक्षिक संस्थाहरुमा शिक्षण सिकाइ क्रियाकलाप गर्नका लागि भौतिक पूर्वाधारहरुको भूमिका महत्वपूर्ण हुन्छ । पाठ्यक्रम तथा शिक्षण स्रोत सामाग्रीमा उल्लेख भएका क्रियाकलापहरु सञ्चालन गर्न कक्षाकोठा उपयुक्त हुनुपर्दछ । शैक्षिक व्यवस्थापनको उद्देश्य प्राप्तिका लागि मुख्य केन्द्रबिन्दु भनेको शिक्षण सिकाई क्रियाकलाप सञ्चालन

गर्ने कक्षा कोठा हो । कक्षा कोठालाई विद्यार्थीका लागि उपयुक्त बनाउन सकिएन भने अर्थपूर्ण रुपमा शिक्षण सिकाइ क्रियाकलाप गर्न पनि गाह्रो पर्दछ । शिक्षण सिकाइ क्रियाकलापका लागि कक्षाकोठामा ब्लक क्षेत्र, सृजनात्मक कला क्षेत्र नाटक खेल्ने क्षेत्र आदि हुनुपर्दछ । यदि भएन भने पाठ्यक्रमले निर्देश गरेका लक्ष्य उद्देश्य र योजनाहरु लागू गर्न सकिँदैन र त्यसैले भौतिक पूर्वाधार पनि उपयुक्त किसिमले व्यवस्थापन गर्न आवश्यक छ ।

यस अध्ययनमा सामुदायिक विद्यालय र संस्थागत विद्यालयको भौतिक पूर्वाधारको विश्लेषण विद्यालय सर्वेक्षण फारामको आधारमा गर्दा डेक्स, बेन्चको व्यवस्था प्रयाप्तता, कक्षाकोठाको आकार, कक्षाकोठामा घाम लाग्ने, खेल मैदान, खानेपानी, शौचालय, कालोपाटी राम्रो रहेको पाइयो । तर पनि तुलनात्मक रुपमा अध्ययन गर्दा संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयको भौतिक पूर्वाधारको व्यवस्थापन केही मात्रामा राम्रो पाइयो जस्तै कक्षाकोठाहरु, शौचालयहरु, शैक्षिक सामाग्री राख्ने ठाउँ आदि । सामुदायिक विद्यालय पुस्तकालयको व्यवस्था भए पनि उपयुक्त पुस्तकहरु नभएको र संस्थागत विद्यालयमा पुस्तकालय रहनेछ । भौतिक पूर्वाधार व्यवस्थापन सम्बन्धी प्र.अ. सँगको अन्तर्वार्ता अनुसार भौतिक पूर्वाधारको व्यवस्थापन (सामुदायिक विद्यालय) सरकारी अनुदान, अभिभावकहरुको आर्थिक सहयोग (चन्दा संकलन) स्थानीय निकाय गा.वि.स. दातृ संघ संस्थाको सहयोगबाट गर्ने गरेको सामुदायिक विद्यालयका प्र.अ. विष्णु प्रसाद शर्मा बताउनु हुन्छ भने संस्थागत विद्यालयको भौतिक पूर्वाधारको व्यवस्था लगानीकर्ता स्वयंले गर्ने गरेको त्यहाँका प्र.अ. श्री जगत पौडेल बताउनु हुन्छ । भौतिक पूर्वाधार सम्बन्धी समस्याहरु पुस्तकालयको अभाव, उपयुक्त आकारको कक्षाकोठा नहुनु, शौचालय, कार्यक्रम हलको अभाव जस्ता समस्या देखिन्छ । प्र.अ. दुवैले भौतिक सुविधाको राम्रो व्यवस्थापन गर्नका लागि सम्भाव्य आर्थिक स्रोत जुटाउनु पर्ने कुरामा जोड दिनु भयो ।

### ४.५ शिक्षकहरुको व्यवस्थापन

पाठ्यक्रममा भएका विषयवस्तु सम्बन्धी ज्ञान तथा सिपहरु विद्यार्थीहरुलाई आवश्यक मात्रामा प्रदान गर्नका लागि सर्वप्रथम शिक्षक आफै उक्त विषयवस्तुमा पोख्त हुनुपर्दछ । पाठ्यक्रम कार्यान्वयन हुन शिक्षक व्यवस्थापनको व्यवस्था महत्वपूर्ण रहेको हुन्छ । शिक्षकले नै पाठ्यक्रमले तोकेका लक्ष्य र उद्देश्यहरु अनुसार शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरी कार्यान्वयन पक्षलाई सवल बनाउन सक्नेछ ।

नमुना छनोटमा परेको सामुदायिक विद्यालय श्री थापाठाना मा.वि. मा सबै तहको शिक्षक छनोट प्रक्रिया र समस्याको विषयमा प्र.अ. सँगको अन्तर्वार्तामा प्रायः शिक्षकहरु सरकारी स्तरबाट नै शिक्षक सेवा आयोगबाट नै नियुक्ति भएका छन् भने केही शिक्षक नियुक्ति गर्दा स्थानीय स्तरमा राजनैतिक दवाव मुख्य समस्याको रुपमा रहेको त्यहाँका प्र.अ. ले बताउनु भयो । उहाँले शिक्षक छनोट प्रक्रिया आफैमा लामो र झन्झटिलो प्रक्रिया भएको, शिक्षक छनोट गर्दा योग्य र दक्ष नहेरि राजनैतिक दवाव र पहुँचको

भरमा नियुक्ति गर्ने जस्ता कारणले दक्ष शिक्षक छनोटमा समस्या रहेको प्र.अ. विष्णु प्रसाद शर्मा बताउनु हुन्छ । त्यस्तै संस्थागत विद्यालयमा शिक्षक व्यवस्थापनको त्यति नै समस्या रहेको प्र.अ. बताउँदछन् । शिक्षक छनोट गर्दा लगानीकर्ताहरुको नातावाद र कृपावादको भरमा शिक्षक नियुक्ति गर्ने गरेको बताउनु हुन्छ ।

प्राथमिक तहमा विद्यार्थी केन्द्रित शिक्षण सिकाई क्रियाकलापमा जोड दिई प्राथमिक तहको कक्षा १ मा शिक्षण सिकाइमा विद्यार्थीहरुलाई क्रियाशील बनाउन शिक्षकको सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।शिक्षकले शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनु पर्ने सबै प्रकारका आवश्यकता भएका विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी शिक्षण प्रक्रिया अपनाउनु पर्ने हुन्छ । यस्ता खाले महत्वपूर्ण भूमिका निर्वाह गर्न शिक्षकको योग्यता, विशिष्टीकरण विषय, कुन विषय पढाउनु हुन्छ, शिक्षक भार, शिक्षक उपस्थिति, कस्तो छ सो को जानकारी गरी सामुदायिक र संस्थागत विद्यालयको कक्षा १ मा शिक्षण गर्ने शिक्षक/शिक्षिकाको योग्यता, विशिष्टीकरण भार, पढाउने विषय गर्न वर्षको वार्षिक उपस्थिति दिन र वार्षिक विदा लिएको दिन यस तालिकामा निम्नानुसारको प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.४**

**सामुदायिक र संस्थागत विद्यालयको कक्षा १ को शिक्षक व्यवस्थापन**

| विद्यालय | शिक्षक संख्या | हप्तामा जम्मा पढाउने घण्टी | गत वर्ष औषत हाजिर दिन | गत वर्ष औसत विदा लिएको दिन | जम्मा विद्यालय खुलेको दिन |
|---|---|---|---|---|---|
| सामुदायिक | ४ | २५ | १८६ | ३४ | २२० |
| संस्थागत | ४ | ३९ | २१४ | २४ | २३५ |

स्रोतः विद्यालय सर्वेक्षण फाराम, २०६८ ।

हाल नेपालमा प्राथमिक, निम्न माध्यमिक विद्यालयहरुमा अध्यापन गर्न शिक्षकको न्यूनतम योग्यता क्रमशः एस.एल.सी., प्रविणता प्रमाणपत्र तह, स्नातक तह उत्तिर्ण निर्धारण गरिएको छ । प्राथमिक तहमा शिक्षक हुनका लागि निर्धारण गरिएको न्यूनतम शैक्षिक योग्यता प्राथमिक तहको विषयको पाठ्यक्रममा उल्लेखित विषयवस्तु अध्यापन गर्न एस.एल.सी. उत्तिर्ण शिक्षकहरुलाई कठिन भएको तथ्य यस क्षेत्रमा गरिएका अध्ययनहरुले देखाइसकेका छन् । यी उल्लेखित दुवै तालिकालाई नियाल्दा कक्षा १ मा अध्यापन गराउने शिक्षकको शैक्षिक योग्यता प्रविणता प्रमाण पत्र तह रहेको छ । संस्थागत विद्यालयमा हप्तामा औसत २५ घण्टी पढाउनु पर्दो रहेछ भने संस्थागत विद्यालयमा गणित विशिष्टीकरण शिक्षकले विज्ञान विद्यालयमा औसत ३९ घण्टी पढाउँनु पर्दो रहेछ । सामुदायिक विद्यालयका गराइरहनु शिक्षकको औसत हाजिरी १८६ रहेछ भने संस्थागत विद्यालयको औसत हाजिरी दिन २१३ दिन हाजिर भएको पाइयो । सामुदायिक विद्यालयको शिक्षकहरुको औसत विदा २४ दिन लिएको पाइयो भने संस्थागत सार्वजनिक विद्यालय भन्दा संस्थागत विद्यालय वर्षमा १० दिन बढी खुल्दा रहेछन । शिक्षकहरुको उपस्थिति पनि सार्वजनिक विद्यालयको भन्दा संस्थागत विद्यालयमा बढी देखिन्छ ।

## ४.६ **विद्यार्थीहरु**

विद्यार्थीहरुको उचित व्यवस्थापन गरेमा शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी बन्न सक्दछ । अहिले विद्यार्थी व्यवस्थापनका विभिन्न तरिकाहरु अपनाएको पाइन्छ । विद्यार्थीको व्यवस्थापन उपयुक्त भएमा शिक्षक विद्यार्थी विच छलफल गर्न सजिलो हुन्छ । सामुदायिक र संस्थागत विद्यालय कक्षा १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.५**

**सामुदायिक विद्यालयमा कक्षा १ को विद्यार्थी विवरण**

| | लिङ्गगत विद्यार्थी | | | जातिगत विद्यार्थी | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | दलित | ब्राह्मण क्षेत्री | अन्य |
| संख्या | ४ | ५ | ९ | ३ | ६ | ० |
| प्रतिशत | ४४ | ५६ | १०० | ३३ | ६७ | ० |

स्रोतः विद्यालय सर्वेक्षण फाराम, २०६९ ।

**तालिका नं. ४.६**

**संस्थागत विद्यालयको कक्षा १ को विद्यार्थी विवरण**

| | लिङ्गगत विद्यार्थी | | | जातिगत विद्यार्थी | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | दलित | ब्राह्मण क्षेत्री | अन्य |
| संख्या | ८ | १२ | २० | ५ | १२ | ३ |
| प्रतिशत | ४० | ६० | १०० | २५ | ६० | १५ |

स्रोतः विद्यालय सर्वेक्षण फाराम, २०६९ ।

सामुदायिक विद्यालय श्री थापाठाना माध्यमिक विद्यालयमा कक्षा १ मा ९ जना विद्यार्थी भर्ना भएका छन् जसमध्ये छात्र ५६ प्रतिशत र छात्रा ५४ प्रतिशत रहेका छन् भने ब्राह्मण क्षेत्री ६७ प्रतिशत दलित ३३ प्रतिशत रहेको विद्यालय  दस्तावेज अध्ययनबाट प्राप्त हुन्छ । त्यसैगरी संस्थागत विद्यालय श्री ग्रीनपिस इङ्गलिस स्कूलमा कक्षा १ मा २० जना विद्यार्थी भर्ना भएका जसमध्ये ६० प्रतिशत छात्र र ४० प्रतिशत छात्रा रहेका छन् भने बाहुन, क्षेत्री ६० प्रतिशत दलित २५ प्रतिशत र अन्य १५ प्रतिशत विद्यार्थीहरु रहेको विद्यालय दस्तावेज अध्ययनबाट जानकारी प्राप्त हुन्छ । सामुदायिक विद्यालयमा औसत विद्यार्थी उपस्थित दिन १६२ रहेको छ भने संस्थागत विद्यालयमा औसत उपस्थित दिन २११ रहेको छे ।

सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थी संख्या तुलना गर्दा सामुदायिक विद्यालयको भन्दा दोब्बर विद्यार्थीहरु संस्थागत विद्यालयमा बढी रहेको पाइयो । सामुदायिक विद्यालयमा विद्यालय खुलेको पहिलो दिन २०६९।१।२८ गते ७ जना विद्यार्थी हाजिर भएको विद्यार्थी हाजिरी पुस्तिकाबाट थाहा हुन्छ । त्यसैगरी संस्थागत विद्यालयमा विद्यार्थी हाजिरी २०६९।०१।१० गते लिइएको थियो । विद्यालय सर्वेक्षण गर्दाको दिन २०६९।०५।०७ गते सम्पूर्ण विद्यार्थीहरु उपस्थित भएको पाइन्छ । यसरी सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थी हाजिरी पुस्तिकाको अध्ययन गर्दा सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा बढी दिन स्कूल आउने रकेर्ड प्राप्त हुन्छ ।

शिक्षण क्रियाकलापमा विद्यार्थीको सहभागीता कस्तो रहने गर्दछ भन्ने शिक्षक प्रश्नावलीको जवाफमा संस्थागत विद्यालयका शिक्षकहरु निकै सक्रिय रहने गरेको बताए भने सामुदायिक विद्यालयका शिक्षकहरु केही मात्रामा विद्यार्थी शिक्षाको कार्यमा सक्रिय रहने बताए । कक्षाकोठा अवलोकन गर्ने क्रममा विद्यार्थी व्यवस्थापन र सक्रियता नियाल्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयमा केही मात्रामा बढी सक्रिय अनुशासित रहेका पाइयो । विद्यार्थीको उचाई स्तर मिलाएर सानो अगाडि ठूलो विद्यार्थी पछाडि बसाईको व्यवस्थापन गरेको संस्थागत विद्यालयमा पाइयो भने सामुदायिक विद्यालयमा धेरै विद्यार्थी भएको कारण विद्यार्थी आफूखुसी बस्ने गरेको देखिन्छ ।

### ४.७ अतिरिक्त क्रियाकलापहरु

शिक्षा हासिल गर्ने क्रममा औपचारिक शिक्षाको अलावा पनि अनौपचारिक र अतिरिक्त ढंगबाट पनि सिक्ने कार्य भइरहेको छ । पाठ्यक्रम तथा पाठ्यपुस्तकले उल्लेख गरे बाहेकका पनि अरु कार्यक्रम जस्तै खेलकुद, हिज्जे, हाजिरी जवाफ, संगीत, नाँच आदि कार्यक्रमबाट पनि बालबालिकाले धेरे कुरा सिकिरहेका हुन्छन् । शिक्षा आर्जन गर्ने क्रममा यस्ता अतिरिक्त क्रियाकलापहरुले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्दछ । विद्यार्थीको सर्वाङ्गीण विकास गराउने तथा सामाजिक दक्षताको विकासमा सघाउ पुऱ्याउन अतिरिक्त क्रियाकलापको महत्वपूर्ण भूमिका रहन्छ ।

यस तुलनात्मक अध्ययनका क्रममा सार्वजनिक र संस्थागत विद्यालयमा के कति प्रकारका अतिरिक्त क्रियाकलापहरु हुने गर्दछन्, त्यसको लागि के प्रक्रिया अपनाइन्छ । समस्याहरु के के छन् समाधानका उपायहरु के के छन् भन्ने बारे थाहा पाउन विद्यालय सर्वेक्षण फारम, शिक्षक प्रश्नावली, प्र.अ. अन्तर्वार्ता फारम, लक्षित समूह छलफल, दस्तावेज अध्ययनको सहयोग लिइइएको थियो । सामुदायिक विद्यालयमा प्रत्येक दिन प्रार्थना र पिटी हुने गरेको प्रायः जसो शुक्रबार कुनै न कुनै अतिरिक्त क्रियाकलाप सञ्चालन हुने गरेको प्र.अ. तथा विद्यार्थीहरु बताउँछन् । अतिरिक्त क्रियाकलापमा सदन विभाजन गरी, कविता वाचन, खेलकुद, अन्ताक्षरी, स्पेलिङ, कविताबाचन तथा नृत्य हुने गरेको जानकारी शिक्षक प्र.अ. र विद्यार्थीहरुसँग सोध्दा थाहा भयो । त्यसैगरी संस्थागत विद्यालयमा प्रार्थना पिटी दैनिक रुपमा हुने गरेको पिटी सकेपछि लाइनमा

प्रत्येक दिन नयाँ समाचार पालैपालो गरी शिक्षक/शिक्षिकाहरुले भन्ने गरेको पाइयो । त्यस बाहेक हाजिरी जवाफ स्पेलिङ, क्वीज, खेल, अन्ताक्षरी, निबन्ध, कविता नृत्य जस्ता क्रियाकलापहरु हुने गरेको त्यहाँका प्रं.अ. र सञ्चालन कर्ताको छलफलबाट थाहा हुन्छ ।

सामुदायिक र संस्थागत विद्यालयको अतिरिक्त क्रियाकलाप सम्बन्धी समस्याको बारेमा प्रश्न गर्दा खेलमैदानो अभाव, खेल्ने सामाग्रीको अभाव शिक्षकलाई तालिमको अभाव, विद्यार्थी सहभागितामा कमि रहेको दुवै विद्यालयका शिक्षक र प्र.अ. ले बताउनु भयो । कसरी अतिरिक्त क्रियाकलाप राम्रो बनाउन सकिन्छ भन्ने प्रश्नमा साधन स्रोतको प्रयाप्तता शिक्षकलाई तालिम विद्यार्थीलाई पुरस्कारमा जोड दिनुपर्ने शिक्षक प्र.अ. प्रश्नावली फारमबाट सूचना प्राप्त भयो ।

अतिरिक्त क्रियाकलापबाट विद्यार्थीहरुमा सक्षमता अभिवृद्धि गर्न सबै विद्यार्थीलाई समान रुपले क्रियाकलापमा भाग लिने अवसर प्रदान गरिनुपर्ने र पाठ्यक्रमले पनि अतिरिक्त क्रियाकलाप सम्बन्धी नीतिहरु निर्माण गरी शिक्षकहरुलाई अतिरिक्त क्रियाकलाप गराउन सहज हुने देखिन्छ ।

### ४.८ कक्षा क्रियाकलापहरु

पाठ्यक्रमको कार्यान्वयन पक्षलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि कक्षाकोठा क्रियाकलाप महत्वपूर्ण रहेको हुन्छ । कक्षाकोठा क्रियाकलाप भित्र शिक्षकको क्रियाकलापहरु, विद्यार्थीका क्रियाकलापहरु पर्दछन् । शिक्षक क्रियाकलाप भित्र शिक्षक कक्षाकोठा भित्र प्रवेश गर्ने समय विषयवस्तुको सुरुवात र अन्त्य, विद्यार्थीहरुलाई सहकार्य दण्ड, पृष्ठपोषण आदि विविध पक्षको अध्ययन गर्न आवश्यक छ । सामुदायिक र संस्थागत विद्यालयको कक्षा १ को कक्षाकोठा क्रियाकलापको तुलनात्मक अध्ययन गर्दा प्र.अ. सँगको अन्तर्वार्ता, शिक्षक प्रश्नावली, कक्षा अवलोकन फारम र समूह छलफलको सहायता लिएको थियो जसलाई विषयगत रुपमा तुलना गर्ने प्रयास गरिएको थियो ।

सामुदायिक विद्यालय श्री थापाठाना मा.वि. को कक्षा १ लाई कक्षाकोठा अवलोकनको माध्यमबाट विश्लषण गर्दा ३ जना शिक्षकहरु समयमा नै कक्षाकोठामा प्रवेश गर्नुभयो भने ३ जना शिक्षकहरु गणित, अंग्रेजी, स्थानीय अंग्रेजी, समयभन्दा १० मिनेट ढिला कक्षाकोठामा उपस्थित हुनुभयो । कक्षामा पाठ शुरु गर्दा नेपाली विज्ञान, सामाजिक, विषयका शिक्षकहरुले पूर्ण पाठसँग सम्बन्धित गराएर पाठको प्रारम्भ गर्नुभयो । त्यस्तै अंग्रेजी शिक्षकले पाठ कापीमा सार्न लगाउनु भयो भने गणित शिक्षकले कक्षाकोठामा प्रवेश गरी सिधै विषयवस्तुमा प्रवेश गर्नु भयो । कुनै पनि शिक्षकहरुले दैनिक पाठयोजना बनाई शिक्षण कार्य गरेको पाइएन । शिक्षक केन्द्रित विधि नै अझै पनि व्यापक रहेको पाइयो । शिक्षकले शिक्षण गरिरहँदा विद्यार्थीहरु एक आपसमा कुराकानी गरिरहेको यताउती चलिरहेको देखिन्थ्यो भने शिक्षकले त्यसको कुनै मतलव राखेको पाइएन । नयाँ विधि र

प्रविधिको प्रयोग गरेको पाइएन । कक्षामा प्रवेश गर्द सम्पूर्ण शिक्षकहरुको हातमा पाठ्यपुस्तक थियो र शिक्षकले कालोपाटीको प्रयाप्त मात्रामा प्रयोग गरेको देखिएन । शिक्षण सामाग्रीको बारेमा कुरा गर्दा शिक्षकहरुले सामाग्रीहरु प्रयोग नगर्ने बताउनुहुन्छ । विद्यार्थीसँगको कुराकानी र शिक्षक प्रश्नावलीको प्रतिक्रिया र सूचनाको विश्लेषण गर्दा सबै शिक्षक शिक्षिकाले कोर्ष पूरा गर्ने गरेको र शिक्षण विधिमा छलफल, प्रश्नोत्तर शिक्षण विधि शिक्षक प्रश्नावलीमा भरेको पाइएता पनि कक्षाकोठाा लेक्चर शिक्षण विधि अपनाइएको पाइयो । विद्यार्थीलाई कुनै पनि दण्ड नदिई सम्झाई बुझाई गर्ने गरेको शिक्षक प्रश्नावलीमा र कक्षा अवलोकनमा पाइएता पनि विद्यार्थीसँगको छलफलबाट शिक्षकले कहिलेकाहीँ पिटेर पनि सजाय दिने गरेको सूचना प्राप्त भयो । कक्षाको अन्त्यमा सबै शिक्षकले गृहकार्यलाई निरन्तरता दिने गरेता पनि गृहकार्य जाँच कहिलेकाहीँ मात्र गर्ने गरेको विद्यार्थीसँगको छलफलबाट सूचना प्राप्त भयो ।

संस्थागत विद्यालय ग्रीनपिस इङ्गलिस बोर्डिङ स्कूलका सबै शिक्षक शिक्षिकाहरु ठिक समयमा कक्षा प्रवेश गर्ने र अध्यापन गराउँदा पाठ्ययोजना प्रयोग गर्ने गरेको पाइयो । शैक्षिक सामाग्रीको प्रयोग गरेको देखिन्थ्यो । विद्यार्थी सहभागिता राम्रो देखिन्छ । अंग्रेजी पढाउने राहुल वि.क. शिक्षकको भाषामा सामान्य समस्या पाइयो । सम्पूर्ण कक्षा शिक्षणमा प्र.अ. ले अनुगमन गर्ने गरेको पाइयो । शिक्षकहरुले कक्षाकोठा प्रवेश गरिसकेपछि पहिलेको विषयवस्तुको बारेमा सामान्य छलफल गर्ने, कहिलकोहीँ कथा कविताहरु भनी विद्यार्थीहरुलाई विषयवस्तु तिर ध्यानाकर्षण गर्ने गरेको पाइयो । स्थानीय सामान्य ज्ञान र नैतिक शिक्षा राहेको पाइयो ।

दुवै विद्यालयको विषयगत रुपमा शिक्षण क्रियाकलापलाई तुलनात्मक रुपमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ४.८.१ नेपाली विषयमा शिक्षण क्रियाकलापहरु

सामुदायिक विद्यालय श्री थापाठाना माध्यमिक विद्यालय कक्षा १ मा कक्षा प्रारम्भको क्रममा शिक्षकको क्रियाकलापहरुको कक्षाकोठा अवलोकन गर्दा नेपाली विषयको शिक्षक श्रीमती निर्मला शर्मा ठिक १०:१५ मा कक्षाकोठामा प्रवेश गर्नुभयो । प्रवेश गर्दा उहाँको हातमा पाठ्यपुस्तक थियो । उहाँले पहिला विद्यार्थीहरुसँग हाँस्दै बाबुहरु सञ्चै छौ भनी प्रश्न गर्नुभयो । त्यसपछि विद्यार्थीहरुको हाजिर गर्नुभयो । हाजिर गरेपछि विद्यार्थीहरु गृहकार्य गरेका छौ कि गरे छैन भनी सोध्यै सबै विद्यार्थीहरुका कापी संकलन गरी राख्नुभयो । विद्यार्थीहरुलाई किताब हेर्न लगाउँदै पाठको प्रारम्भ पूर्व पाठसँग जोडेर गर्नुभयो । पाठ पढाउँदा विद्यार्थीहरुलाई विच विचमा प्रश्नहरु सोध्ने, विद्यार्थीहरुलाई नै पाठ

पढाउन लगाउने जस्ता कार्यहरु गर्नुभयो । पढाई सकेपछि विद्यार्थीले सिके वा सिकेनन् भनी ५ जना विद्यार्थीलाई प्रश्न गर्नुभयो र जान्ने विद्यार्थीलाई धन्यवाद दिनुभयो । भने नजान्ने विद्यार्थीलाई पढ्नु पर्छ भनेर सम्झाउनु भयो ।

संस्थागत विद्यालय ग्रीनपीस इङ्गलिस बोर्डिङ स्कूलमा बोर्डिङ स्कूलमा कक्षा १ को शिक्षक क्रियाकलाप अवलोकन गर्दा नेपाली विषय अध्यापन गराउने शिक्षक श्री सुमन पौडेल दोश्रो घण्टीमा ठिक १०:४५ मा कक्षाकोठा प्रवेश गर्नुभयो । प्रवेश गर्दा उहाँको हातमा पुस्तक, पाठयोजना, शब्दपत्तिहरु थियो । सर्वप्रथम उहाँले विद्यार्थीहरुलाई सन्चै छौ भनी कालोपाटीमा मिति, पाठ, लेख्नुभयो र गृहकार्य जाँच गर्दै उक्त समयमा आज पढाउने पाठ पढ्न लगाउनु भयो । त्यसपछि उहाँले शब्दको अर्थ सोध्नु भयो र शब्दपत्ति देखाउँदै प्रष्ट पार्नुभयो अन्त्यमा पाठको सारांश गर्नुभयो । गृहकार्य दिई घण्टी लागेपछि कक्षा बाहिर जानु भयो ।

### ४.८.२ गणित विषयमा शिक्षण क्रियाकलाप

सामुदायिक विद्यालयमा दोस्रो कक्षाकोठा अवलोकनमा गणित विषय रहेको थियो । गणित विषयण्का शिक्षक श्री राजेन्द्र थापा क्षेत्री १० मिनेट पछाडि कक्षाकोठामा प्रवेश गर्नुभयो । उहाँले विद्यार्थीहरुसँग पुस्तक मागी विषयवस्तुमा सोझै प्रवेश गरी विद्यार्थीहरुलाई सामान्य जोड सम्बन्धी हिसाब कालोपाटीमा गरी त्यसै अर्को हिसाब गर्न लगाउनु भयो । विद्यार्थीहरुल उक्त हिसाब गर्न नसकेपछि पुनः आफूले कालोपाटीमा हिसाब गरेर भोली पढेर आउनु भन्दै ५ मिनेट पहिले नै कक्षा बाहिर निस्कनु भयो ।

संस्थागत विद्यालयका शिक्षिका श्रीमती नितादेवी शर्मा गणित विषयको पुस्तक र पाठयोजना लाई चौथो पिरियडमा कक्षामा प्रवेश गर्नुभयो र केही समय विद्यार्थीहरुसँग कुराकानी गर्दै गृहकार्य गरेको कापी माग्दै गृहकार्य नगर्ने विद्यार्थीलाई सामान्य गाली गर्नुभयो । शिक्षिकाले कालोपाटीमा मिति र आफ्नो विषयको नाम लेख्दै अघिल्लो दिन पठाएको विषयवस्तुको बारेमा विद्यार्थीहरुसँग छलफल गर्दै विषयवस्तुमा प्रवेश गर्नुभयो । विद्यार्थीहरुलाई विच विचमा प्रश्न गर्न, विद्यार्थीहरुलाई विषयवस्तु तिर समय समयमा ध्यान केन्द्रित गर्दै शिक्षण क्रियाकलाप गर्नुभयो र अन्त्यमा गृहकार्य दिइ कक्षा बाहिर निष्कनु भयो ।

### ४.८.३ अंग्रेजी विषयको शिक्षण क्रियाकलाप

सामुदायिक विद्यालयमा तेस्रो कक्षा कोठा अवलोकनमा अंग्रेजी विषय रहेको थियो । अंग्रेजी विषयका शिक्षक सूर्य प्रसाद शर्मा हातमा पाठ्यपुस्तक लिएर कक्षामा प्रवेश गर्नुभयो । कालोपाटीमा आजको पाठ र मिति लेख्दै पाठको प्रारम्भ गर्नुभयो । विद्यार्थीहरुलाई बेला बेलामा स्पेलिङ्ग सोध्नु हुन्थ्यो । नजान्ने विद्यार्थीलाई पढ्न लगाई पुन सोध्नु भयो र स्याबास भन्नु भयो । विद्यार्थीहरुको अंग्रेजी विषयमा रुचि नभए जस्तो देखिन्थ्यो । अन्त्यमा गृहकार्य दिई कक्षाबाट बाहिर निष्कनु हुन्थ्यो ।

संस्थागत विद्यालयमा कक्षा १ को कक्षाकोठामा शिक्षक क्रियाकलापहरु अवलोकन गर्ने क्रममा अंग्रेजी पहिलो पिरियडमा रहेको थियो । ठिक १०:१५ बजे कक्षाकोठामा शिक्षक राहुल वि.क. हातमा विद्यार्थी हाजिर पुस्तिका, पाठ्यपुस्तक र पाठयोजना लिई कक्षा प्रवेश गरी सबै विद्यार्थीको हाजिर गर्नभयो । विद्यार्थीहरुलाई हिजो हामीले के पढेको थियो भन्दै सामान्य छलफल गर्नुभयो । पाठ र पृष्ठनम्बर यति पल्टाउ भनि पाठको प्रारम्भ गर्नुभयो । कालो पाटीमा शब्दको अर्थ लेखि विद्यार्थीलाई कापीमा टिपाउने गरेको पाइयो । विच विचमा पछाडि बसेका विद्यार्थीहरुलाई प्रश्न सोध्नु भयो । अन्त्यमा विद्यार्थीहरुलाई पाठको सारांश गरी गृहकार्य दिई अघिल्लो दिन गृहकार्य गरेका कापी संकलन गरी कक्षा बाहिर निष्कनु भयो ।

### ४.८.४ विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा विषयका शिक्षण क्रियाकलाप

सामुदायिक विद्यालयमा कक्षा १ को विज्ञान स्वास्थ्य शारीरिक शिक्षा विषयको कक्षा अवलोकन गर्दा शिक्षक हातमा पाठ्यपुस्तक लिई कक्षाकोठामा प्रवेश गर्नुभयो । कालोपाटीमा आजको पाठ लेखि विद्यार्थीहरुलाई एक एक गरेर उठेर पाठ पढ्.न लगाउनु भयो र विद्यार्थीलाई पढ्न सिकाउनु भयो र पढ भन्दै बाहिर निष्कनु भयो ।

संस्थागत विद्यालयमा कक्षा १ को कक्षाकोठा अवलोकन गर्दा शिक्षिका निता देवी शर्मा कक्षामा प्रवेश गर्नुभयो । उहाँले गृहकार्य गरेको कापी संकलन गरी विद्यार्थीहरुलाई हिजो पढेको पाठको बारेमा प्रश्न गर्दै सामान्य चर्चा गर्नु भयो । विद्यार्थीहरुलाई विषयवस्तुमा प्रेरित गरी राल नं. १ लाई उक्त विषयवस्तु पढ्न लगाई उनीहरुसँगै छलफल गर्नु भयो र अन्त्यमा पाठको सारां)श गर्दै गृहकार्य दिनुभयो ।

### ४.८.५ सिर्जनात्मक कला तथा सामाजिक शिक्षा विषयमा शिक्षण क्रियाकलाप

सामुदायिक विद्यालयको सामाजिक वषय शिक्षकको कक्षा क्रियाकलापहरु अवलोकन गर्ने क्रममा सामाजिक विषय टिफिन समय पछाडि राखिएको रहेछ । घण्टी लागेको ५ मिनेट पछाडि हातमा पुस्तक लिई शिक्षक सूर्य प्रसाद शर्मा कक्षाकोठामा प्रवेश गरी सबै विद्यार्थीहरुलाई नास्ता खायौं भनी सोध्नु भयो । शिक्षकले कालोपाटीमा विषय

र शिर्षक लेख्दै गृहकार्य हेर्नुभयो र विद्यार्थीलाई पढ्न लगाउनु भयो । गृहकार्य हेरी सकेपछि विद्यार्थीहरुसँग विषयवस्तुबारे सामान्य छलफल गर्दै भोली पढ्ने् भनै १० मिनेट अगाडि नै बाहिर निष्कनु भयो ।

संस्थागत विद्यालयका शिक्षक श्री सुमन पौडेल घण्टी लाग्नासाथ कक्षामा प्रवेश गरी विद्यार्थीहरुलाई खाजा खायौ भनी सोध्यै झोलाबाट पुस्तक झिक्न लगाउनु भयो । विद्यार्थीहरुसँग गृहकार्य गरेको कापी संकलन गरी हिजोको पाठ पठन लगाउनु भयो । गृहकार्य जाँचिसकेपछि विद्यार्थीहरुसँग अघिल्लो दिनको विषयवस्तुको बारेमा छलफल गर्दै नयाँ पाठ सुरु गर्नु भयो । नयाँ पाठको विचमै घण्टी लागेपछि विद्यार्थीहरुलाई पढेर आउ भन्दै कक्षाबाट बाहिर निष्कनु भयो ।

**४.८.६ स्थानीय विषयहरुको शिक्षण सिकाई क्रियाकलाप**

सामुदायिक विद्यालयमा शिक्षक क्रियाकलाप कक्षा अवलोकन अन्तिम घण्टी स्थानीय अंग्रेजी थियो । शिक्षक कक्षाकोठामा प्रवेश विद्यार्थीहरुलाई पाठ पढ्न लगाउनु भयो तर विद्यार्थी सक्रियता खासै देखिएन । शिक्षकले गृहकार्य जाँच्नु भयो र पाठ पढाउनु भयो । शैक्षिक सामाग्रीको प्रयोग गर्नुभएन विद्यार्थीहरुलाई छुट्टिको घण्टी लागेपछि विद्यार्थी शिक्षक सँगसँगै कक्षा बाहिर निष्कनु भयो ।

संस्थागत विद्यालय कक्षा १ को शिक्षक क्रियाकलापको अवलोकन गर्ने क्रममा यो अन्तिम घण्टी थियो । यस विद्यालयमा स्थानीय विषयक २ वटा राखेको विद्यालय सर्वेक्षण फारामबाट सूचना प्राप्त हुन्छ । कक्षा अवलोकन गर्ने दिनमा नैतिक शिक्षा अध्यापन हुने दिन रहेछ । शिक्षक हातमा पाठ्यपुस्तक र पाठ्योजना लिई कक्षाकोठामा प्रवेश गर्नुभयो । विद्यार्थीहरुलाई गृहकार्य गरेको छौ सोध्नुभयो । किताब निकाल भन्नुभयो । विद्यार्थीहरुले किताब निकाली सकेपछि हिजो पढाएको पाठको पुनरावलोकन गराउनु भयो र विद्यार्थी बीच छलफल गर्दै नयाँ पाठमा प्रवेश गर्नु भयो र छलफल गर्दै अन्त्यमा गृहकार्य दिई निष्कनु भयो ।

सामुदायिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन गर्दा तुलनात्मक रुपमा सामुदायिक विद्यालयका शिक्षक/शिक्षिकाहरु भन्दा संस्थागत विद्यालयका शिक्षकहरुले पाठयोजना, गृहकार्य दिने जस्ता कार्य गरेको पाइन्छ । विद्यार्थहरुलाई समूह छलफल, अभिनय, अवलोकन, अभ्यास, समस्या समाधानत जस्ता विभिन्न विधि प्रयोगगरी शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरिनुपर्ने भएता पनि यी दुवै विद्यालयमा यी शिक्षक विधिहरु प्रभावकारी रुपमा कार्यान्वयन नगरिएको पाइयो । साथै शैक्षिक सामाग्रीको प्रयोग नगरेको अवस्था देखिन्छ ।

### ४.९ परीक्षा सम्बन्धी क्रियाकलापहरु

विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनको लागि परीक्षा प्रणालीको व्यवस्था गरिएको छ । प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ मा प्राथमिक तहमा विद्यार्थी मूल्याङ्कनको सम्बन्धमा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन पद्धतिको आधारमा विद्यार्थीको सिकाईलाई सुनिश्चित गरिनेछ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाई स्तरमा सुधार ल्याउनु हो । निर्माणात्मक मूल्याङ्कन भनेको शिक्षण सिकाईका क्रममा विद्यार्थीहरुका कमी कमजोरी हरु पत्ता लगाई तत्काल सुधार गर्न लगाउनुलाई भनिन्छ । कक्षा १ मा ५० प्रतिशत निर्णयात्मक (वार्षिक परीक्षा) पद्धतिछबाट र ५० प्रतिशत निर्माणात्मक पद्धतिबाट लेखाजोखा गरिने छ । दुवै मूल्याङ्कनका आधारमा विद्यार्थीहरुलाई कक्षा उत्तिर्ण गरिने व्यवस्था उल्लेख गरिएको छ । त्यसै गरी निरन्तर विद्यार्थी मूल्याङ्कनमा औषत उपलब्धी हासिल गरेका तर निर्णायात्मक मूल्याङ्कनमा अनुत्तिर्ण भएका विद्यार्थीका हकमा सम्बन्धित अभिभावक, कक्षा विषय शिक्षक र प्रधानाध्यापकले कक्षा उन्नतिको निर्णय गर्न सक्नेछन् भन्ने उल्लेख गरिएको छ ।

छनोटमा परेका सामुदायिक विद्यालय श्री थापाठाना माध्यमिक विद्यालय र संस्थागत विद्यालय ग्रीनपिस इङ्गलिस स्कूलमा कक्षा १ को प्रणाली, समय, अवधि, यसरी सञ्चालन गरिने व्यवस्था, प्र.अ. अन्तर्वार्ता शिक्षक प्रश्नावली र विद्यालय सर्वेक्षण फारमबाट जानकारी प्राप्त हुन्छ ।

**तालिका नं. ४.७**

**सामुदायिक विद्यालय श्री थापाठाना माध्यमिक विद्यालयमा कक्षा १ को परीक्षा प्रणाली**

| परीक्षाका किसिम | पूर्णाङ्क | उत्तिर्णाङ्क | परीक्षा मिति | परीक्षा समय |
|---|---|---|---|---|
| त्रैमासिक परीक्षा | ४० | १३ | भाद्र १५ | १ घण्टा |
| अर्धवार्षिक परीक्षा | ६० | २० | माघ २ | २ घण्टा |
| वार्षिक परीक्षा | १०० | ३२ | चैत्र ७ | ३ घण्टा |

विद्यालय सर्वेक्षण फारम, २०६९ ।

**तालिका नं. ४.८**

**संस्थागत विद्यालय ग्रीनपिस इङ्गलिस बोर्डिङ स्कूलमा कक्षा परीक्षा प्रणाली**

| परीक्षाका किसिम | पूर्णाङ्क | उत्तिर्णाङ्क | परीक्षा मिति | परीक्षा समय |
|---|---|---|---|---|
| प्र. त्रैमासिक परीक्षा | २० | ८ | आषाढ ८ | १ घण्टा |
| द्वि. त्रैमासिक परीक्षा | ३० | १२ | आषाढ २८ | १.३० घण्टा |
| तृ. त्रैमासिक परीक्षा | ५० | १८ | पुष १० | १.४५ घण्टा |
| अन्तिम त्रैमासिक परीक्षा | १० | ३५ | चैत्र १२ | ३ घण्टा |
| जम्मा | १०० | ४० | | |

विद्यालय सर्वेक्षण फारम, २०६९ ।

माथिका दुवै तालिकालाई विश्लेषणका रुपमा अध्ययन गर्दा सामुदायिक विद्यालयको कक्षा १ मा ३ पटक (त्रैमासिक, अर्धवार्षिक र वार्षिक) सञ्चालन गर्ने व्यवस्था गरेको पाइयो । त्रैमासिक अर्धवार्षिक र वार्षिक परीक्षा विद्यालयमा नै सञ्चालन गर्ने गरेको प्र.अ. विष्णु प्रसाद शर्मा बताउनु हुन्छ । सामुदायिक विद्यालयमा १०० पूर्णाङ्कको ३२ प्रतिशत उत्तिर्णाङ्क रहेको छ भने संस्थागत विद्यालयमा १०० पूर्णाङ्क ३५ प्रतिशत उत्तिर्णाङ्क रहेको पाइयो । सामुदायिक विद्यालयमा परीक्षाफलको वा नतिजा के कसरी गर्नुहुन्छ भनी सोध्या प्र.अ. विष्णु प्रसाद शर्मा सबै विद्यार्थीलाई पास गर्छौ भन्नुभयो । विद्यार्थी तथा अभिभावकलाई नतिजा उपलब्ध गराउँदा सामुदायिक विद्यालयमा वार्षिक परीक्षाको लब्धाङ्क पत्र उपलब्ध गराउने गरेको भने संस्थागत विद्यालयमा प्रत्येक चारवटा परीक्षाका लब्धाङ्क पत्र विद्यार्थीहरुलाई उपलब्ध गराइँदो रहेछ । त्यसैगरी संस्थागत विद्यालयमा नतिजाको बारेमा सोध्या हाम्रो विद्यालयमा परीक्षामा सबै विषय पास भएका विद्यार्थीहरुलाई मात्र पास गर्ने भनी व्यवस्था गरिएको छ । यसरी सबै विषय पास भएको विद्यार्थीलाई पास गर्दा हाम्रो विद्यालयमा अघिल्लो वर्ष ७५ प्रतिशत विद्यार्थ पास भएका थिए । संस्थागत विद्यालयमा अन्तिम वार्षिक परीक्षाको नतिजालाई मात्र आधार मानेर परीक्षाको नतिजा निष्काशन गरिएको रहेछ भने संस्थागत विद्यालयमा तीनवटा परीक्षाको ५० प्रतिशत र अन्तिम परीक्षाको ५० प्रतिशत प्राप्ताङ्कलाई आधार मानेर परीक्षाफल निकालिन्छ । संस्थागत विद्यालयमा कक्षामा पहिलो हुने विद्यार्थीलाई मासिक शुल्क तिर्न नपर्ने व्यवस्थाका साथै नतिजा प्रकाशन हुँदाको दिन पहिलो, दोश्रो, तेस्रो विद्यार्थी र अनुशासित विद्यार्थीहरुलाई कापी, कलम उपहार दिन चलन दुवै विद्यालयमा रहेछ ।

शिक्षक प्रश्नावलीबाट कक्षा उकाल्ने (पास) सम्बन्धमा सबै विषय उत्तिर्ण गर्ने विद्यार्थीलाई कक्षा उकाल्ने (पास) व्यवस्था रहेको जानकारी प्राप्त भयो । त्रैमासिक, अर्धवार्षिक परीक्षा शिक्षकहरुल नै प्रश्न निर्माण गरी सरलदेखि जटिलको क्रममा प्रश्नहरुको सबै क्षेत्रलाई ध्यानमा राखेर प्रश्न निर्माण गरिने गरेको प्र.अ. ले बताउनुहुन्छ ।

परीक्षामा प्रायः परीक्षा सञ्चालन गर्दा के कस्ता समस्याहरु आउँछन् भनी प्रश्न गर्दा कम्प्युटरको अभाव, प्रश्नपत्र निर्माणमा त्रुटि प्रश्नपत्र अप्रष्ट, अभिभावकहरुले आफ्नो विद्यार्थीलाई पास गराइदिनु पर्ने आग्रह जस्ता समस्या रहेको बताउनु हुन्छ । परीक्षालाई व्यवस्थित र मर्यादित बनाउन के गर्नुपर्ला भन्ने प्रश्नमा उपयुक्त समय, स्पष्ट निर्देशन, कम्प्युटरको व्यवस्था, विद्यार्थीहरुको उचित बसाई व्यवस्था, शान्त वातावरण र शिक्षकहरुमा लगनशीलता जस्ता कुराहरु हुनुपर्ने दुवै विद्यालयका शिक्षक सूर्य प्रसाद शर्माले विद्यार्थीहरु त्रैमासिक र अर्धवार्षिक परीक्षामा विद्यार्थीहरु कहिलेकाहीँ उपस्थित नहुने गरेको बताउनुहुन्छ ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्ति

पाठ्यक्रममा उल्लेखित उद्देश्यहरु हासिल गराउनका लागि पाठ्यक्रम कार्यान्वयन पक्ष सवल हुनु आवश्यक छ । सामुदायिक र संस्थागत विद्यालयमा कक्षा १ को पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन शीर्षकमा आधारित रहेर यो अध्ययन पर्वत जिल्ला थापाठाना गा.वि.स. रहो सामुदायिक विद्यालय श्री थापाठाना र संस्थागत विद्यालय ग्रीनपिस इङ्गलिस बोर्डिङ स्कूलबाट विद्यालय सर्वेक्षण फारम, कक्षाकोठा अवलोकन, प्र.अ. अन्तर्वार्ता, शिक्षक प्रश्नावली, लक्षित समूह छलफल दस्तावेज अध्ययन जस्ता साधनहरु प्रयोग गरी संकलित सूचना विश्लेषणको आधारमा निम्नानुसार प्राप्ति पाइएका थिए ।

- सामुदायिक विद्यालय कक्षा १ मा ६ वटा विषयका ६ वटा पाठ्यपुस्तकहरु र संस्थागत विद्यालयमा ८ वटा विषयका ९ वटा पाठ्यपुस्तक रहेको पाइयो । सामुदायिक विद्यालयमा अनिवार्य विषय पाठ्यक्रम विकास केन्द्रले प्रकाशनको र स्थानीय विषय विद्यार्थी प्रकाशनले प्रकाशनमा ल्याएको अध्यापन गराइएको पाइयो भने संस्थागत विद्यालयको कक्षा १ का सबै (९ वटा) पाठ्यपुस्तक निजी प्रकाशनको प्रयोगमा ल्याएको पाइयो । सामुदायिक विद्यालयमा कक्षा १ को ६०० पूर्णाङ्क र उत्तिर्णाङ्क ३२ प्रतिशत रहेको छ भने संस्थागत विद्यालयको कक्षा १ को ७०० पूर्णाङ्क र उत्तिर्णाङ्क ३५ प्रतिशत रहेको पाइयो ।

- संस्थागत विद्यालयमा नेपाली बाहेक सबै विषय अंग्रेजी माध्यमका पाठ्यपुस्तक कार्यान्वयन भइरहेको अवस्था छ भने सामुदायिक विद्यालयमा अंग्रेजी र स्थानीय विषय बाहेक सबै विषयहरु नेपाली माध्यमबाट पढाई हुँदो रहेछ । सामुदायिक विद्यालयमा स्थानीय अंग्रेजी सहित पाठ्यपुस्तकको जम्मा मूल्य रु. २२० र संस्थागत विद्यालयका कक्षा १ का सबै पाठ्यपुस्तकको जम्मा मूल्य रु. १४८५ रहेको पाइयो । सामुदायिक विद्यालयमा स्थानीय विषय बाहेकका सबै पाठ्यपुस्तक विद्यार्थीलाई निःशुलक उपलब्ध गराएको पाइयो भने संस्थागत विद्यालयमा सम्पूर्ण पाठ्यपुस्तक विद्यार्थी स्वयंले किन्नुपर्ने देखियो ।

- सामुदायिक विद्यालयमा वर्ष भरिमा २२० दिन स्कूल खुल्ने १९० दिन पढाई हुने २१ दिन परीक्षा हुने र ५० दिन विदा हुने गरेको छ भने संस्थागत विद्यालय २३५ दिन खुल्ने, २२० दिन पढाई हुने, २५ दिन परीक्षा हुने र ४० दिन विदा हुने व्यवस्था गरेको पाइयो । यसरी सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयमा वर्ष भरिमा १० दिन बढी खुल्ने ३० दिन बढी पढाई हुने, ४ दिन बढी परीक्षा हुने गरेको पाइयो । सामुदायिक विद्यालयमा २०६९ साल वैशाख २० गतेबाट विद्यालय सुरु भएको र २०६९।१२।२२ गते विद्यालय बन्द हुने रहेछ भने संस्थागत विद्यालय २०६९।०१।१० गतेबाट सुरु भई २०६९।१२।२७ मा विद्यालय बन्द हुँदो रहेछ । सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयको शिक्षकहरुले औसत १० दिन बढी हाजिर भएको पाइन्छ ।

- नमूना छनोटमा परेका दुईवटा सामुदायिक र संस्थागत विद्यालयको भौतिक पूर्वाधारको अध्ययन गर्दा, कक्षाकोठा, ट्वाइलेट, खेलमैदान, खानेपानी, सामुदायिक विद्यालयको राम्रो पाइयो । भौतिक पूर्वाधारको व्यवस्था सामुदायिक विद्यालयमा सरकारी अनुदान, अभिावकहरुको आर्थिक सहयोग गा.वि.स. र दातृ संघसंस्थाको सहयोगबाट व्यवस्थापन गर्ने गरेको सामुदायिक विद्यालयका प्र.अ. र व्यवस्थापन समितिको अध्यक्षले भन्नुभयो । संस्थागत विद्यालयको भौतिक पूर्वाधारको व्यवस्था लगानीकर्ताहरु मिलेर गर्ने गरेको पाइयो ।

- सामुदायिक विद्यालयमा शिक्षक नियुक्ति राजनैतिक दवावका कारण योग्य र दक्ष व्यक्ति नहेरी राजनैतिक पहुँचको भरमा नियुक्ति गर्ने गरेको पाइयो । संस्थागत विद्यालयमा लगानी कर्ताहरुको आफ्नो व्यक्तिलाई शिक्षक छनोट गरेको पाइन्छ । दुवै विद्यालयमा प्रविणता प्रमाणपत्र उत्तिर्ण गरेको शिक्षकहरु छन् । सामुदायिक विद्यालयका शिक्षकहरुले तालिम प्राप्त गरेको पाइयो ।

- सामुदायिक विद्यालयको कक्षा १ मा ९ जना विद्यार्थी रहेको र जसमा छात्रा ४४ प्रतिशत, छात्र ५६ प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयको कक्षा १ मा २० जना विद्यार्थीहरु मध्य छात्रा ४० प्रतिशत, छात्र ६० प्रतिशत छन् । सामुदायिक विद्यालयमा दलित ३३ प्रतिशत छन् । त्यसैगरी संस्थागत विद्यालयमा दलित २५ प्रतिशत रहेको पाइयो । सामुदायिक विद्यालयमा विद्यार्थी संख्या एकदम न्यून रहेको र किन सामुदायिक विद्यालयमा विद्यार्थी संख्या कम भएको भनि व्यवस्थापन समितिका अध्यक्षसँग प्रश्न गर्दा सामुदायिक विद्यालयको शैक्षिक स्तर खस्कँदै गएको र अभिभावकहरुलाई सरकारी स्कूलमा पढाउँदा आफ्नो छोरा छोरीको पढाईप्रतिको मनोभावना ह्रास आउनु जस्ता कुराहरु बताउनु भएको थियो । यी दुवै विद्यालयमा सानो विद्यार्थीलाई अगाडि र ठूलोलाई पछाडि राखी बसाई व्यवस्थापन गरेको पाइयो ।

- सामुदायिक विद्यालयको कक्षा १ मा हाजिरी जवाफ, सरसफाई, खेल, बालकविता जस्ता अतिरिक्र क्रियाकलाप सञ्चालन हुने गरेको पाइयो भने संस्थागत विद्यालयको कक्षा १ मा सदन विभाजन गरी स्पेलिङ क्वीज, अन्ताक्षरी, बालकविता, खेल तथा नृत्य जस्ता अतिरिक्त क्रियाकलाप सञ्चालन हुने गरेको पाइयो ।

- दुवै विद्यालयमा गृहकार्य निरन्तर दिने गरेो पाइयो । सामुदायिक विद्यालयमा (गणित, अंग्रेजी, विज्ञान) विषयका शिक्षकले गृहकार्य जाँच नगरेको पाइयो भने संस्थागत विद्यालयका शिक्षकहरुले सम्पूर्ण विषयको गृहकार्य जाँच गरेको पाइयो । दुवै विद्यालयमा शिक्षकहरुले आफ्नो कोर्ष पूरा गर्ने गरेको पाइयो ।

- सामुदायिक विद्यालयका तीन जना शिक्षक घण्टी लागेको १० मिनेट पछि कक्षा प्रवेश गरेको पाइयो । संस्थागत विद्यालयमा प्रधानाध्यापकले कक्षा अवलोकन गरेको पाइयो ।

